# प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिको प्रतिवेदन

बागमती प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा

२०८२

प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिको प्रतिवेदन

<u>अध्ययन समिति</u>

श्री बिमल वाग्ले, संयोजक

श्री रेश्मिराज पाण्डे, सदस्य

श्रीमती जीवन प्रभा लामा, सदस्य

श्री गोपी कृष्ण खनाल, सदस्य

श्री पूर्ण बहादुर दर्जी, सदस्य सचिव- सचिव, प्रदेश सरकार, बागमती प्रदेश

प्रशासनिक सहजीकरणः श्री मबिन कुमार थापा, अधिकृतस्तर सातौं, प्रदेश सरकार, बागमती प्रदेश

श्री लुना तिमल्सीना, अधिकृतस्तर छैठौं, प्रदेश सरकार, बागमती प्रदेश

प्रदेश सरकार, बागमती प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा

२०८२, फाल्गुन

## भूमिका

प्रदेशमा समृद्धि, सुशासन र सामाजिक न्यायको जिम्मेवारी बोक्नसक्ने गरी आफ्नो संरचनालाई सुदृढ, दिगो र सक्षम बनाउन प्रदेश सरकार, बागमती प्रदेशले एक सात सदस्यीय उच्चस्तरीय प्रशासनिक पुनःसंरचना निर्देशक समिति गठन गरेको र प्रदेश सरकारको मिति २०८२ कार्तिक १४ को निर्णयबाट सो समितिलाई विज्ञ सुझाव प्रदान गर्ने जिम्मेवारी यस प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिलाई प्राप्त भएको थियो। प्रदेश सरकारको कार्य क्षेत्र, प्रदेशको वित्तीय क्षमता, नागरिकका प्रदेश सरकार प्रतिका अपेक्षा, प्रदेश सरकारका नीतिहरू र भविष्यमा प्रदेशले लिनुपर्ने रणनीतिक प्राथमिकताका क्षेत्रलाई औपचारिक तथा अनौपचारिक माध्यमबाट विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सरकारबाट गठित उच्चस्तरीय प्रशासनिक पुनःसंरचना निर्देशक समितिका संयोजक (मन्त्री, कृषि तथा पशुपन्छी विकास) लगायतका माननीय मन्त्रीज्यूहरू, प्रदेश सरकारका प्रमुख सचिवज्यू, विषयगत मन्त्रालय/आयोगका सचिवज्यूहरू र विषय विज्ञ कर्मचारीहरूसँग भएका छलफल र अन्तर्क्रियाबाट प्राप्त सुझावलाई समेटिएको छ। प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री इन्द्रबहादुर बानियाँ प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। साथै उच्चस्तरीय प्रशासनिक पुनःसंरचना निर्देशक समितिका संयोजक माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसूधन पौडेल तथा सो समितिका सदस्यकोरूपमा कार्यरत माननीय मन्त्रीज्यूहरू, प्रदेश सरकारका प्रमुख सचिवज्यू एवं सचिवज्यूहरू तथा हामीलाई सुझाव दिने राजनीतिक नेतृत्व, कर्मचारी तथा सरोकारवाला वर्ग प्रति हार्दिक आभारी व्यक्त गर्दछौं। प्रदेशको सुशासन, समृद्धि, सार्वजनिक सेवा प्रवाह र विकासको लागि दूरगामी अनुकूलतामा योगदान पुऱ्याउन सक्ने यो गहन कार्यजिम्मेवारी प्रदान गर्नु भएकोमा प्रदेश सरकारप्रति धन्यवाद व्यक्त गर्दछौं।

बिमल वाग्ले
संयोजक

रश्मिराज पाण्डे
सदस्य

जीवनप्रभा लामा
सदस्य

गोपी कृष्ण खनाल
सदस्य

पूर्ण बहादुर दर्जी
सदस्य-सचिव

## विषयसूची


कार्यकारी सारांश ........ २

परिच्छेद-१: परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ उच्चस्तरीय प्रशासनिक पुनःसंरचना निर्देशक समिति ........ १

१.३ अध्ययनका लागि अपनाईएका विधिहरू ........ ३

१.४ अध्ययनको औचित्य (Rationale) ........ ४

१.५ अध्ययनको आधार (Approach) र अन्तर्निहित सिद्धान्त ........ ५

१.६ अध्ययनको सीमा तथा परिसीमाहरू (Limitations and De-limitations) ........ ८

परिच्छेद -२: वर्तमान अवस्था र यसको विश्लेषण ........ १०

२.१ केन्द्रीयस्तरका संरचना ........ १०

२.२ केन्द्रीयस्तरका अन्य संरचनाहरू ........ १८

२.३ जिल्लास्तरका संरचना ........ २०

२.४ आयोजना व्यवस्थापन सम्बन्धी ........ २१

२.५ प्रशासनिक व्यवस्थापन ........ २२

परिच्छेद-३: नीतिगत सुझावहरू ........ २४

३.१ कर्मचारी प्रशासन सम्बन्धी सुझावहरू ........ २४

३.२ नीति निर्माण, सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी सुझाव ........ ३०

३.३ सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी नीतिगत सुझावहरू ........ ३६

परिच्छेद- ४: प्रस्तावित संगठन संरचना तथा दरबन्दी सम्बन्धी सुझाव ........ ४२

४.१ मन्त्रालय र मातहतका निकायको संरचना ........ ४२

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ४७

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालय ........ ५३

(ग) उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय ........ ५७

(घ) कृषि, पशुपञ्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ........ ७२

(ङ) भौतिक पूर्वाधार विकास मन्त्रालय ........................................................१०७
(च) वन तथा वातावरण मन्त्रालय........................................................१२२
(छ) सहरी तथा स्थानीय विकास मन्त्रालय........................................................१२७
(ज) स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय ........................................................१३४

**४.२ संवैधानिक निकाय सम्बन्धी व्यवस्था........................................................१५७**

**४.३ प्रतिवेदन कार्यान्वयन कार्ययोजना........................................................१५८**

**सन्दर्भ सामग्री........................................................१६०**

**अनुसूचीहरु छुट्टै खण्डमा राखिएको........................................................१६३**

# कार्यकारी सारांश

१. प्रदेश सरकार मातहतका निकायको संरचना, दरबन्दी, कार्यबोझ, कार्यजिम्मेवारी लगायतका विषयमा अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन पेश गर्न बागमती प्रदेश सरकारको मिति २०८२ कार्तिक १४ को निर्णयले पूर्व सचिव श्री बिमल वाग्ले-संयोजक; पूर्व सचिव श्री रेश्मिराज पाण्डे-सदस्य, पूर्व सचिव डा. गोपी कृष्ण खनाल-सदस्य, पूर्व सचिव श्री जीवन प्रभा लामा-सदस्य र प्रदेश सचिव श्री पूर्ण बहादुर दर्जी-सदस्यसचिव रहने गरी ५ सदस्यीय प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति गठन गरिएको।

२. समितिलाई जनशक्ति व्यवस्थापन सम्बन्धी मौजूदा नीति तथा कानूनको अध्ययन तथा विश्लेषण गर्ने, सेवा प्रणाली चुस्त र कार्यमुखी बनाउन तथ्यपरक अध्ययन र विश्लेषण गरी सुझाव पेश गर्ने, प्रदेश सरकारका मौजुदा मन्त्रालयहरू तथा मातहतका नियमित संरचना र प्रदेश ऐन वा गठन आदेश वा अन्य कार्यकारी निर्णयद्वारा गठन भई सञ्चालनमा रहेका संरचना/निकायको औचित्य र प्रभावकारीता अध्ययन गरी ती निकायहरूको एकीकरण / खारेजीको लागि सिफारिस गर्ने तथा संविधान तथा कार्यविस्तृतीकरण प्रतिवेदनमा उल्लिखित प्रदेशको अधिकार क्षेत्र, प्रदेश सरकारको कार्यविभाजन नियमावली, विद्यमान कार्यप्रणाली, कार्यविवरण र संरचनाको विश्लेषण गरी प्रदेशका लागि आवश्यक मन्त्रालय, कार्यालय, जनशक्ति, दरबन्दी तथा परिपूर्तिको प्रक्षेपण गर्ने र हालको संरचना एवं प्रस्तावित संरचना बीच तुलना गरी बचत हुने प्रशासनिक खर्चको आंकलन गर्ने जिम्मेवारीहरू प्रदान गरिएको।

३. प्रदेश सरकारको कार्य क्षेत्र, प्रदेशको वित्तीय क्षमता, नागरिकका प्रदेश सरकार प्रतिका अपेक्षा, प्रदेश सरकारका नीतिहरू र भविष्यमा प्रदेशले लिनुपर्ने रणनीतिक प्राथमिकताका क्षेत्रको औपचारिक तथा अनौपचारिक विश्लेषण, प्रदेश सरकारका विभिन्न निकाय तथा पदाधिकारीसँग भएका अन्तर्क्रिया तथा छलफलबाट प्राप्त सुझावका आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

४. प्रदेश सरकारले हाल सञ्चालन गरेका विषयगत क्षेत्रका योजना तथा कार्यक्रमहरू सङ्घ तथा स्थानीय तहको एकल अधिकार र नेपाल सरकारद्वारा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनमा सङ्घ तथा स्थानीय तहको

साझा कार्यक्षेत्रमा परेका विषय समेत रहेका छन् । प्रदेश सरकारले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आफ्नो एकल अधिकार र साझा अधिकारको हकमा कार्यविस्तृतीकरणको प्रतिवेदनमा प्रदेशको जिम्मेवारीमा समावेश भएका क्षेत्रमा सीमित हुनु उचित हुनेछ। संघ तथा स्थानीय तहको कार्यक्षेत्रका लागि स्थायीरूपमा प्रादेशिक संगठनको विस्तार, जनशक्ति उपयोग र बजेट विनियोजन गर्ने प्रवृत्तिले प्रशासनिक खर्च बढाएको र यसले तहगत सरकारबीच काममा दोहोरोपना समेत ल्याएको छ।

५. नेपालको संविधानले प्रदेश सरकारलाई प्रदान गरेका कतिपय कार्यजिम्मेवारीहरू प्रदेशस्थित संघीय कार्यालय र स्थानीय तह मार्फत् पनि सञ्चालन गर्न सकिने भएकाले यस्ता कार्यका लागि प्रदेशको संगठन विस्तार गर्नु भन्दा संघ तथा प्रदेशसँग समन्वय गरी सम्बन्धित संघीय कार्यालय र स्थानीय तह मार्फत् कार्यान्वयन गर्न उचित हुने।

६. प्रदेशका मन्त्रालयहरू प्रादेशिक नीति निर्माता मात्र नभई प्रादेशिक विकास, सुशासन र समृद्धिका नियमनकर्ता, कार्यान्वयनकर्ता र अनुगमनकर्ता समेत भएकाले मन्त्रालय र डिभिजन/जिल्लास्तरीय निकायहरूको बीचमा रहेका अधिकांश निकायको सान्दर्भिकता देखिएन।

७. सञ्चार रजिष्ट्रार कार्यालय मार्फत् भएका काम सञ्चार हेर्ने मन्त्रालयबाटै सम्पादन गर्ने गरी सञ्चार रजिष्ट्रार कार्यालय खारेज गर्ने। सो अनुरूप प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ समेत संशोधन गर्ने।

८. दुग्ध विकास बोर्डको काम नियमित संरचनाबाटै सम्पादन गर्न सकिने देखिएकोले सो बोर्ड खारेज गर्ने।

९. प्रदेश नीति तथा योजना आयोग खारेज गरी यसको सट्टामा मुख्य मन्त्रिपरिषद्को कार्यालयमा माननीय मुख्यमन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय नीति तथा योजना सम्बन्धी समिति गठन गर्ने।

१०. प्रदेश सरकारका हाल १४ वटा मन्त्रालय रहेकोमा पुनर्संरचना गरी देहाय बमोजिम ८ वटा मन्त्रालय कायम गरिएको:

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालय

(ग) उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय

(घ) कृषि, पशुपञ्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

(ङ) भौतिक पूर्वाधार विकास मन्त्रालय

(च) वन तथा वातावरण मन्त्रालय

(छ) सहरी तथा स्थानीय विकास मन्त्रालय

(ज) स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

११.मन्त्रालय, मातहतका नियमित निकाय तथा अन्य सम्बद्ध निकायको विद्यमान संगठनको पुनरावलोकन पश्चात् प्रदेश सरकारको हालको कूल दरबन्दी सङ्ख्या ५१३८ मा ७०१ दरबन्दी घट्न गई प्रस्तावित दरबन्दी सङ्ख्या ४४३७ कायम हुने देखिएको छ।

१२.संघीय सरकारसँगको समन्वय र स्थानीय तहसँगको सहकार्यमा स्टाफ नर्स, अ.हे.व., अ.न.मि. जस्ता पारामेडिकल जनशक्ति उत्पादनको केन्द्रको रूपमा समेत प्रादेशिक अस्पतालहरूलाई रुपान्तरण गरेर यसरी उत्पादित जनशक्तिलाई स्थानीय र प्रदेश मातहतका स्वास्थ्य संस्थामा परिचालन गर्ने व्यवस्था कार्यान्वयन गर्न उचित हुने। प्रादेशिक अस्पतालमा अत्याधुनिक स्वास्थ्य उपकरणहरू थपिंदै गएकाले यस्ता उपकरणको नियमित संचालनका लागि बायोमेडकल प्राविधिकको आवश्यक पर्ने भएकाले स्वास्थ्य तालिम केन्द्रलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँगको सहकार्यमा बायोमेडिकल प्राविधिक उत्पादन केन्द्रको रूपमा समेत विकास गर्नु उचित हुने ।

१३.प्रदेश मातहतका केही आयुर्वेद अस्पताललाई परीक्षणकारूपमा आयुर्वेदिक औषधि उत्पादन केन्द्रको रूपमा समेत विकास गर्ने।

१४.अस्पताल जस्ता स्वास्थ्य सेवा प्रदान गर्ने निकायका लागि दरबन्दीको व्यवस्था गर्दा नेपाल सरकारबाट स्वीकृत अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (Health Minimum Service Standards) लाई आधार मानेर दरबन्दी कायम गर्ने।

१५. बागमती विश्वविद्यालयबाट नवप्रवर्तन र विज्ञान-प्रविधिमा आधारित रही नयाँ नयाँ सङ्काय तथा विषयको खोजी गरी तदनुरूप संचालन गर्नु आवश्यक देखिएको ।

१६. प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालयको कार्य मन्त्रालयको नियमित कार्यको रूपमा गर्न सकिने प्रकृतिको देखिएको हुँदा अलग कार्यालय स्थापना गर्नु आवश्यक देखिएन।

१७. खेलकुद विकास र युवा क्षेत्रको सहभागिता अन्योन्याश्रित र कार्यक्रमहरू मूलतः समान लक्ष्य उन्मुख देखिएकाले यस प्रयोजनका लागि अलग अलग दुईवटा निकाय सञ्चालन गर्न वाञ्छनीय देखिएन।

१८. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य मन्त्रालयसँग सहकार्य गरी प्रदेश सरकारको कार्यालय प्रयोजनमा आउने प्रशासकीय प्रबन्धका विषयहरूमा मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउने।

१९. तहवृद्धि व्यवस्थालाई कार्यसम्पादनमा आधारित बनाउने। सचिवको पदलाई क्रमशः १२औं तह बनाउने र सो पद बढुवाबाट पूर्ति गर्ने ।

२०.पुनः संरचनाको कारणले फाजिलमा पर्ने दरबन्दी व्यवस्थापनका लागि निश्चित आधार अवलम्बन गर्ने । उदाहरणका लागि विकास आयोजनामा परिचालन गर्ने, स्थानीय तहमा खटाउने, मिल्दोजुल्दो सेवा समूहमा परिवर्तन गराउने आदि।

२१. सवारी साधन र सवारी चालकको निश्चित मापदण्डको आधारमा व्यवस्थापन गर्ने ।

२२. स्वास्थ्य सेवा बाहेकका प्रदेश निजामती सेवा र समूह वर्गीकरण गर्दा ७ औं र ८ औं तहलाई उपसमूहमा, ९ औं र १० औं तहलाई समूहमा र ११ औं तहलाई सेवामा मात्र सीमित गर्ने ।

(क) कार्यप्रकृतिको आधारमा मिल्दो कार्यलाई एउटै सङ्गठनमा समाहित गर्ने। यसै अनुसार हाल बिभिन्न निकायमा छरिएर रहेका भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यहरू सहरी तथा भवन निर्माण हेर्ने मन्त्रालयले गर्ने। पूर्वाधारको हकमा रू १ करोड र अन्य आयोजनाको हकमा रू ५० लाख भन्दा कमका आयोजना सञ्चालन नगर्ने । रू २५ करोड वा सो भन्दा माथिका आयोजना सञ्चालन गर्दा छुट्टै आयोजना कार्यालय स्थापना र सञ्चालन गर्ने ।

२३. सार्वजनिक सेवालाई सम्भव भएसम्म विद्युतीय एकद्वार प्रणाली (Single Window Interoperable Digital System) कार्यान्वयनमा ल्याउने। प्रदेश सरकारका विभिन्न निकायबाट उपलब्ध हुने तथ्याङ्क तथा सूचना एकैद्वारबाट प्रवाह गर्ने व्यवस्था मिलाउने ।

२४.प्रदेश सरकारले प्रदेश तथा स्थानीय तहबाट हुने सेवाको लागि प्रदेश तथा स्थानीय सेवा मापदण्ड (Provincial and Local Service Standards) कार्यान्वयनमा ल्याउने ।

२५. प्रदेश सरकारको प्रशासनिक खर्च र सालबसाली अनिवार्य दायित्वको आकार बढ्दै गएकाले वित्तीय अनुशासन कायम गरी वित्तीय प्रभावकारिता (Fiscal Effectiveness) वृद्धिका लागि कानूनद्वारा नै निश्चित मापदण्ड सहितको वित्तीय नियमहरू निर्माण गरी सो नियमको पालना गर्नु उचित हुने। उदाहरणको लागि कुल बजेटमा पूँजीगत खर्चको न्यूनतम हिस्सा ७० प्रतिशत हुनु पर्ने।

२६.कार्यसम्पादनलाई सूचकमा आवद्ध गर्ने। यी सूचकहरू निर्माण गर्दा अलग अलग विषयगत क्षेत्रका लागि अलग अलग सूचक निर्माण गर्ने र तदनुरूप प्रोत्साहन प्रणाली अवलम्वन गर्ने ।

# परिच्छेद-१: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक व्यवस्था रहेको छ। राज्यशक्ति भन्नाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकारलाई जनाउँदछ। यसरी संविधानतः तीनवटै तहलाई शासन गर्ने वैधानिक हैसियत प्राप्त भएको छ। प्रत्येक तहमा रहने सरकारले प्रयोग गर्ने अधिकार क्षेत्रलाई एकल र साझा गरी दुई प्रकारमा विभाजन गरिएको छ। संविधानको अनुसूची-६ मा प्रदेशको २१ विषय क्षेत्रका एकल अधिकार, अनुसूची-७ मा संघ र प्रदेशका २५ विषय क्षेत्रका साझा अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका १५ क्षेत्रका साझा अधिकारको व्यवस्था गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका संविधानमा उल्लेख गरिएका साझा तथा एकल अधिकारका सूचीलाई वि.सं.२०७३ सालमा कार्यविस्तृतीकरण गरी यसको प्रतिवेदनलाई नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७३ माघ १८ गते स्वीकृत गरिएको थियो। संविधानको धारा ५८ ले अबशिष्ट अधिकार संघमा निहित रहने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको प्रयोग संविधान र आफूले बनाएका कानूनको अधिनमा रही गर्नुपर्नेछ। संघियताको माध्यमबाट मुलुकको दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने आकांक्षा संविधानले राखेको छ । तिनै लक्ष्यप्रति प्रतिबद्ध भएर मुलुकमा संघका साथै सातवटा प्रदेश र ७५३ वटा स्थानीय तह गरी जम्मा ७६१ वटा शासकीय एकाई कार्यरत रहेका छन्।

बागमती प्रदेश सरकारको कार्य विभाजन नियमावली बमोजिम हाल यस प्रदेशमा १४ वटा मन्त्रालय र ती मातहत विभिन्न नियमित निकाय तथा कार्यालय र आबद्ध अन्य निकायहरु सञ्चालनमा रहेका छन्।

## १.२ उच्चस्तरीय प्रशासनिक पुनःसंरचना निर्देशक समिति

बागमती प्रदेश सभाले राज्यले उपलब्ध गराउने सेवा सुविधामा सर्वसाधारण नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूति गराउन प्रदेशको प्रशासनिक संरचनालाई वस्तुनिष्ठ, कार्यमुखी, स्वच्छ, सक्षम,

निष्पक्ष तथा छरितो बनाई समग्र कार्यसम्पादनमा प्रभावकारिता (Effectiveness), दक्षता (Efficiency), माग प्रभावी (Responsive) र नवप्रवर्तनमुखी (Innovative) बनाउन समय समयमा आवश्यक प्रयासहरू गर्दै आएको छ। यसै क्रममा बागमती प्रदेश सभाबाट प्रादेशिक संरचना पुनरावलोकन गर्ने सम्बन्धी संकल्प प्रस्ताव पारित भए पश्चात् उक्त संकल्प प्रस्ताव कार्यान्वयन गर्न बागमती प्रदेश सरकारको मिति २०८२/०६/०३ को निर्णय अनुसार देहाय अनुसारको सात सदस्यीय "उच्चस्तरीय प्रशासनिक पुनःसंरचना निर्देशक समिति" गठन गरेको छः

| | |
|---|---|
| माननीय मधुसूधन पौडेल, मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - | संयोजक |
| माननीय शिवराज अधिकारी, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - | सदस्य |
| माननीय प्रभात तामाङ, मन्त्री, आर्थिक मामिला तथा कानून मन्त्रालय - | सदस्य |
| माननीय भरत के.सी., मन्त्री, वन तथा वातावरण मन्त्रालय - | सदस्य |
| माननीय बिन्दु श्रेष्ठ, मन्त्री, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय - | सदस्य |
| श्री कृष्ण कुमार शाही, प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - | सदस्य |
| श्री हेमराज भुषाल, प्रदेश सचिव, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय - | सदस्य सचिव |

उपर्युक्त निर्देशक समितिले बागमती प्रदेश सरकार अन्तर्गत रहेका मन्त्रालय, आयोग, मातहतका निर्देशनालय/ विभाग/ निकाय कार्यालयहरूमा उपयुक्त हुने दरबन्दी र संरचना सम्बन्धी विषयमा उचित एवं परामर्श सहितको प्रतिवेदन दिन प्रशासनिक, प्राविधिक र कानूनको क्षेत्रमा विज्ञता हासिल गरेका चार जना विज्ञको कार्यटोली गठन गर्न मनासिब देखि प्रदेश सरकारलाई अनुरोध गरेको। सो अनुरोध अनुसार प्रदेश सरकारबाट देहायको व्यक्तिहरू सम्मिलित **प्रदेश प्रशासनिक पुनरावलोकन अध्ययन तथा सुझाव समिति** गठन गरेको।

| | | |
|---|---|---|
| श्री बिमल वाग्ले, | पूर्व सचिव, नेपाल सरकार | संयोजक |
| श्री रेश्मिराज पाण्डे, | पूर्व सचिव, नेपाल सरकार | सदस्य |
| डा. गोपिकृष्ण खनाल, | पूर्व सचिव, नेपाल सरकार | सदस्य |
| श्रीमती जीवनप्रभा लामा, | पूर्व सचिव, नेपाल सरकार | सदस्य |
| श्री पूर्ण बहादुर दर्जी, | प्रदेश सचिव, बागमती सरकार | सदस्य सचिव |

यस सुझाव समितिलाई 'निर्देशक समितिको' निर्देशन र समन्वयमा रही काम गर्ने गरी देहाय बमोजिमको कार्यक्षेत्र (Scope of Work) तोकिएको

(क) वर्तमान संगठन र दरबन्दीलाई उचित आकारमा ल्याउने (Right Sizing); यसको निमित्त:

१. अनावश्यक दरबन्दी र संगठन कटौती गर्ने

२. आवश्यक दरबन्दी तथा संगठन सिर्जना गर्ने

(ख) दरबन्दी सङ्ख्यालाई यथासम्भव घटाई पर्याप्त कार्य जिम्मेवारी सहित संगठनप्रति प्रतिबद्ध उत्प्रेरित कर्मचारी व्यवस्था गर्ने

(ग) उपर्युक्त अनुसारको कार्य मूलतः देहायको आधारमा सम्पन्न गर्ने:

१. जनशक्ति व्यवस्थापन सम्बन्धी मौजुदा नीति/ ऐन/ कानूनको अध्ययन तथा विश्लेषण गर्ने

२. सेवा प्रवाह प्रणाली चुस्त र कार्यमुखी बनाउन तथ्यपरक अध्ययन तथा विश्लेषण गरी सुझाव पेश गर्ने।

३. मौजुदा मन्त्रालय तथा मातहतका नियमित संरचना र प्रदेश ऐन/ गठन आदेश वा अन्य कार्यकारी निर्णयद्वारा गठन भई सञ्चालनमा रहेका संरचना/ निकायको औचित्य र प्रभावकारिता अध्ययन गरी एकीकृत/खारेजीको लागि सिफारिस गर्ने।

४. मौजुदा मन्त्रालय, कार्यालय, जनशक्ति तथा दरबन्दी र प्रस्तावित संरचनाका बीच तुलना गरी बचत हुने प्रशासनिक खर्चको आँकलन गर्ने।

### १.३ अध्ययनका लागि अपनाईएका विधिहरू

प्रस्तुत अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा परिमाणात्मक (Quantitative) र गुणात्मक (Qualitative) दुवै विश्लेषण विधिको प्रयोग गरिएको छ। सूचना तथा तथ्याङ्कको सङ्कलनमा प्राथमिक र द्वितीय (प्राइमरी र सेकेन्डरी) दुवै स्रोतको उपयोग गरिएको छ। यो अध्ययनमा विवरणात्मक र विश्लेषणात्मक दुवै सोच (Approach) लिइएको छ यसको लागि आवश्यक सूचना तथ्याङ्क र जानकारी देहायको माध्यमबाट सङ्कलन गरिएको छ।

(क) अध्ययन कार्यको प्रारम्भमा माननीय मुख्यमन्त्रीज्यू, प्रशासनिक पुनः संरचना समितिका संयोजक तथा सदस्य माननीय मन्त्रीज्यूहरू र प्रदेशका प्रमुख सचिवज्यूसँग जावलाखेलस्थित प्रदेश सुशासन केन्द्रको कार्यालयमा अध्ययनका विविध पक्षहरुबारे छलफल तथा निर्देशन प्राप्त भएको ।

(ख) प्रदेश सरकारका मन्त्रालयका सबै सचिवहरुसँगको अन्तरक्रियाः यसै क्रममा हेटौंडामा माननीय मुख्यमन्त्री, उच्चस्तरीय प्रशासनिक पुनःसंरचना निर्देशक समितिमा रहनु भएका माननीय मन्त्रीहरु र प्रदेशका प्रमुख सचिवज्यूको उपस्थितिमा मन्त्रालयका सबै सचिवज्यूहरूसँग अन्तरक्रिया र छलफल कार्यक्रम आयोजना भएको जहाँ प्रदेशका मन्त्रालयहरूको तर्फबाट सचिवज्यूहरुले आ-आफ्नो मन्त्रालय/निकायको विद्यमान अवस्था र दृष्टिकोण प्रस्तुती गर्नुभएको। साथै मिति २०८२ माघ ६ देखि माघ १० गते सम्म समितिले प्रदेश राजधानी हेटौंडामा बसी सरोकारवालाहरुसँग विस्तृत छलफल गरेको।

(ग) संघीय र प्रदेश सरकारबाट प्रकाशित विभिन्न सम्बन्धित कानूनहरु, अन्य प्रदेशका सान्दर्भिक प्रतिवेदन, सार्वजनिक प्रशासनका विभिन्न दस्तावेजहरू, प्रशासनिक पुनः संरचना सम्बन्धी बाह्य संस्थाद्वारा प्रकाशित दस्तावेजहरू।

(घ) विभिन्न मन्त्रालय र मातहतका निकायहरूमा कार्यरत जानकार कर्मचारीहरू लगायत सरोकारवालासँग प्रदेश सुशासन केन्द्रमा रहेको सम्पर्क सचिवालयमा रही सरोकारवालाहरूको राय सुझाव लिएको।

(ङ) माननीय मुख्यमन्त्रीज्यू सहित अन्य माननीय मन्त्रीज्यूहरूसँगको छलफल।

(च) निर्देशक समितिसँगको समन्वय र निर्देशन (अध्ययनका क्रममा छलफल गरिएका प्रदेश सरकारका पदाधिकारीहरुको नामावली **अनुसूची-१** मा दिईएको छ)।

## १.४ अध्ययनको औचित्य (Rationale)

नेपालमा केन्द्रीकृत शासन प्रणालीलाई तीन तहमा विभाजन गरी लागू गरिएको संघीय शासन प्रणालीबाट जनताको सहज पहुँचमा सेवा प्रवाह पुग्ने, स्थानीय आवश्यकता र प्राथमिकताको सही पहिचान गरी ओझेलमा

परेका जनताको आवश्यकता छिटो छरितो ढंगले सम्बोधन हुने, राजनीतिक नेतृत्वलाई थप जिम्मेवार बनाई समग्र विकासमा सहयोग पुग्ने सर्वसाधारण जनताको अपेक्षा रहेको। तर जनताको अपेक्षा अनुसार खासगरी प्रदेश तहबाट हुनपर्ने प्रवाह (Delivery) हुन नसकेको भन्ने गुनासोहरू विभिन्न कोणबाट आउने गरेको। भद्दा संरचनाको निर्माण र अनावश्यक दरबन्दी सिर्जना गरी सरकार र जनतामाथि अतिरिक्त लागत थप हुन पुगेको, राजनीतिक स्वार्थमा प्रादेशिक संरचनाहरू खडा गर्ने काम भएको, कतिपय मामिलामा आवश्यकता र औचित्य भन्दा पनि मन्त्री हुने आकांक्षा पूरा गर्न मन्त्रालयहरू खडा गर्ने गरिएको जस्ता आरोप आउने गरेको। हुन पनि संघीय शासन प्रणालीको प्रारम्भमा जनताको अपेक्षाहरू पूरा गर्नेतर्फ खास गरेर राजनीतिक तहले चाहिँदो मात्रामा गम्भीरता देखाउन सकेनन्। यसैको फलस्वरूप यहाँसम्म कि आज आएर समाजको केही कोणहरूबाट संघीय शासन प्रणालीभित्रको प्रदेश संरचनाको उपस्थिति माथि नै प्रश्न उठ्ने गरेको छ। यस अवस्थामा प्रदेश सरकारले जनभावना समेतलाई बुझेर सरकारको उपस्थितिलाई स्वच्छ, सक्षम, सबल, जनउत्तरदायी, निष्पक्ष र पारदर्शी बनाउन जरुरी भएको छ। यिनै यथार्थतामा आधारित भएर बागमती प्रदेश सरकारबाट प्रस्तुत अध्ययनलाई समयानुकूल आवश्यकताको रूपमा अघि बढाइएको देखिन्छ।

बागमती प्रदेश मुलुकको राजधानी प्रदेश समेत भएकाले यसका संस्थागत अभ्यास तथा संरचनाहरू अरू प्रदेशका लागि समेत सिकाईको विषय भएकाले यो प्रदेशको प्रशासनिक सुधारले सबै प्रदेशमा सकारात्मक सन्देश दिनेछ।

### १.५ अध्ययनको आधार (Approach) र अन्तर्निहित सिद्धान्त

बागमती प्रदेश तुलनात्मक हिसाबमा बढी सम्भावनाहरु भएको एउटा वृद्धिउन्मुख (Rising) प्रदेश हो। मुलुकको राजधानी समेत समावेश भएको यस प्रदेशप्रति सर्वसाधारण नागरिकको अपेक्षा बढी हुनु पनि स्वाभाविक हो। बागमती प्रदेशले आफूलाई शासकीय प्रबन्धको हिसाबले एउटा उदाहरणीय प्रदेशको रुपमा उभ्याउन प्रयत्नशील हुनुपर्दछ। यसले शासकीय प्रबन्धमा देखिएका अप्ठ्यारा र जन अपेक्षालाई सम्बोधन गर्न सकोस् भन्ने अभिप्राय राखिएको छ। यथासम्भव पेशागत मर्यादाभित्र रहेर स्वतन्त्र दृष्टिकोण राखी व्यावसायिक प्रतिवेदन (Professional Report) तयार गर्ने प्रयत्न गरिएको छ। यस प्रतिवेदनको कार्यान्वयन पक्षलाई सहज बनाउन पर्याप्त ध्यान पुर्याइएको छ। यद्यपि यो प्रतिवेदनका कारण मौजुदा अवस्थामा आउने

परिवर्तनले कतिपय मामलालाई अन्यथा कोणबाट हेर्न खोजिनु स्वभाविक नै हो। प्रस्तुत अध्ययनमा मूलतः देहायको सोच (Approach) लिइएको छ :

(क) प्रदेशमा आर्थिक-सामाजिक रूपान्तरणका लागि सार्वजनिक लगानी (Public Investment) को हिस्सा बढाउन नागरिकको ठूलो दबाब रहेकोले प्रदेश सरकारले निजी, सामुदायिक, गैरसरकारी क्षेत्रबाट हुन सक्ने काम सोही क्षेत्रलाई हस्तान्तरण गरी सार्वजनिक क्षेत्रको स्रोत साधनलाई अधिकतम रुपमा सार्वजनिक वस्तु तथा सेवा (Public Goods and Servcies) खास गरी सार्वजनिक पूर्वाधार, आर्थिक क्रियाकलाप विस्तार, प्राकृतिक साधन र स्रोतको व्यवस्थापन र दिगो उपयोग, स्वास्थ्य सेवा तथा उपचारमा केन्द्रित गर्नु पर्ने भएकाले सङ्गठन पुनर्संरचनाको सुझाव प्रस्तुत गर्दा यसलाई मुख्य सैद्धान्तिक आधार मानिएको छ।

(ख) जनताको नजिकको तहको सरकारबाट सम्पादन हुन सक्ने काम पर्याप्त कारण र आधार बिना माथिल्लो तहबाट सम्पादन गर्नु हुन्न भन्ने सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity) लाई सुझावको महत्त्वपूर्ण आधार बनाइएको छ । प्रदेशका जिल्लास्थित कार्यालयबाट हुन सक्ने काम सोही निकायबाट गर्ने र सोबाट गर्दा उपयुक्त नहुने कार्य मात्र माथिल्लो तहबाट गरिनु पर्छ भन्ने अवधारणालाई आधार मानी प्रतिवेदन तयार गरिएको छ।

(ग) नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी सहकारी चरित्रको संघीयता ग्रहण गरेकाले तहगत सरकारले आफ्ना कार्यसम्पादन गर्दा पृथक रुपमा नगरी आपसी समन्वय र सहकार्यमा गर्नु पर्छ भन्ने मान्यता राखेर यो प्रतिवेदन तयार गरिएको छ।

*आकृति १: समितिले अध्ययनका लागि अवलम्वन गरेको अन्तरनिहित सिद्धान्त*




(घ) मन्त्रालयको मूल कार्य (Core Functions) लाई प्राथमिकतामा राखी सहयोगी कार्य (Support Functions) लाई मूल कार्यसम्पादनका लागि आवश्यक समर्थ कार्य वातावरण (Enabling Working Environment) सिर्जनामा जोड (Focus) दिने

(ङ) खासगरी कार्य विशिष्टता, कामको प्रकृति र कार्यबोझको आधारमा मन्त्रालयलाई गाभ्ने (Merge) र टुक्र्याउने (Split) नीति अवलम्वन गरिएको ।

(च) प्रदेशस्तरबाट सञ्चालन हुने विकास आयोजनाहरू (Development Projects) को खासगरी छनौट मापदण्ड (Selection Criteria) र कार्यान्वयन व्यवस्था (Implementation Arrangement) लाई थप प्रभावकारी, दक्ष र मितव्ययी (Cost Effective) बनाउने ।

(छ) यस अध्ययनमा मौजुदा अवस्थालाई शून्यमा राखी नयाँ व्यवस्था गर्न खोजिएको (Zero Based Approach) छैन। भइरहेको मौजुदा अवस्थाको अध्ययन विश्लेषण गरी क्रमशः सुधार गर्दै जाने सोच (Incremental Approach) लिईएको

(ज) प्रदेश सरकारलाई सानो तर प्रभावकारी (Slim but Effective) बनाउन यसले गर्ने सम्पूर्ण कार्यहरुलाई कार्यान्वयनको हिसाबले देहायबमोजिम वितरण हुनु उचित देखिएकोः

- मन्त्रालय स्वयंले गर्ने
- मन्त्रालय मातहतका नियमित कार्यालयले गर्ने
- स्थानीय तहमा निक्षेपण गर्ने
- निजी र सामुदायिक क्षेत्रबाट गराउने (आउटसोर्सिङ, Contracting Out आदि)
- अन्य सरकारी निकायसँग समन्वय गरी गराउने

(झ) दरबन्दी व्यवस्थापन गर्दा मूलतः देहायका विषयमा ध्यान दिइएकोः

- थोरै जनशक्तिबाट धेरै काम लिने, यसबाट वृद्धि हुन सक्ने उत्पादकत्व (Productivity) बाट प्राप्त हुने लाभलाई कर्मचारीको सेवा सुविधा वृद्धिमा पर्याप्त उपयोग गर्ने
- दरबन्दी कटौती हुन गएको कारणले फाजिलमा परेका कर्मचारीहरूलाई कुनै किसिमको मर्का नपार्ने हिसाबले यथोचित उपायद्वारा सम्बोधन गर्ने
- कर्मचारीको वृत्ति विकासलाई न्यायोचित बनाउने
- सेवा, समूह र उपसमूहलाई कार्यसम्पादनसँग आबद्ध गराई पुनरावलोकन गर्ने

(ञ) सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी एवं सेवाग्राहीको लागि पहुँचयोग्य बनाई समानताको आधारमा गुणस्तरीय सेवा सहजरूपमा उपलब्ध गराउन यस सम्बन्धी प्रक्रिया (Process) र संयन्त्र (Mechanism) लाई समय सापेक्ष बनाउने ।

## १.६ अध्ययनको सीमा तथा परिसीमाहरू (Limitations and De-limitations)

(क) प्रशासनिक सुधारको मूल उद्देश्य विद्यमान अवस्थामा परिवर्तन गरी सकारात्मक नतिजाको प्रवाह गर्नु हो। यसबाट खासगरी कार्यरत कर्मचारीहरूको भइरहेको अवस्थामा परिवर्तन आउने र

कतिपय परिवर्तनले उपभोग गरिरहेको सुविधाजनक अवस्थालाई निरन्तरता दिन सक्दैन। यसैले मानवीय पक्ष बढी संवेदनशील हुने हुन्छ। यसर्थ प्रस्तुत प्रतिवेदनलाई हुबहु एकैपटक कार्यान्वयनमा ल्याउन कठिन हुन पनि सक्छ।

(ख) प्रस्तुत अध्ययन संगठन संरचना र दरबन्दीमा केन्द्रित भएको हुँदा सार्वजनिक प्रशासनका अन्य पक्षहरूमा अपेक्षित मात्रामा प्रवेश गरिएको छैन ।

(ग) प्रदेश निजामती सेवा ऐनमा सातवटा सेवा रहने व्यवस्था गरिएको तर सेवा भित्रको समूह उपसमूहको हकमा नियमावली आइ नसकेको हुँदा कानूनतः समूह उपसमूह हुने देखिएन। तर संघबाट समायोजन भई आएका कर्मचारीहरू विभिन्न सेवा समूह उपसमूहहरूमा रहेका हुँदा सोही अनुसार देखाउनुपर्ने अवस्था रहेको छ।

(घ) कार्यक्षेत्रको आयतन, मानवीय पक्षसँगको सामिप्यता, प्राविधिक पक्षको जटिलता जस्ता कारणले कतिपय विषयमा गहिरो अध्ययन र विश्लेषण नगरी निष्कर्षमा पुग्न सहज देखिएन। उदाहरणको लागि कृषि, वन र स्वास्थ्य क्षेत्रहरूको संरचनाको। वन मन्त्रालय र मातहतको निकायहरूको हकमा संघीय सरकारबाट एकमुष्ट रुपमा प्रदेशको कार्यक्षेत्रमा हस्तान्तरण भैआएको हुँदा खासगरी कार्यरत कर्मचारी हरूको अवस्था र आवश्यकतालाई दृष्टिगत गर्दा विद्यमान संरचना र जनशक्ति व्यवस्थापनमा गहिरो अध्ययन नगरी परिवर्तनकारी निचोडमा पुग्न सक्ने अवस्था देखिएन।

(ङ) आवश्यक लजिस्टिकको अभावले गर्दा जिल्लास्तरीय कार्यालयहरूमा भ्रमण गर्न सकिने अवस्था रहेन। यसले गर्दा अध्ययनकर्ताहरु स्वयंले जिल्लास्तरमा के कसरी सेवा प्रवाहहरु भइरहेको छ सो अवलोकन गर्न मिल्ने अवस्था भएन। तथापि स्थलगत रुपमा कार्यरत केही कर्मचारीहरूसँग छलफल गरिएको थियो।

# परिच्छेद -२: वर्तमान अवस्था र यसको विश्लेषण

## २.१ केन्द्रीयस्तरका संरचना

### २.१.१ मुख्य संरचनाहरू

नेपाल सरकारको मिति २०७४ माघ १० को निर्णयानुसार प्रदेश सरकारका लागि ७ वटा मन्त्रालय कायम भएकोमा २०७८ भाद्रमा प्रदेश सरकारले अर्को एक मन्त्रालय थपी मन्त्रालयको जम्मा सङ्ख्या ८ पुऱ्याएको। पुनः २०७८ मंसिरमा मन्त्रालयको सङ्ख्या वृद्धि गरी १४ पुऱ्याईएको। तत्पश्चात् २०७९ माघमा मन्त्रालयको सङ्ख्या १४ बाट ११ मा झारिएको। पुनः २०८० भाद्रमा मन्त्रालय सङ्ख्यालाई ११ बाट बढाई १२ बनाईएको। यसै गरी २०८१ श्रावणमा पुनः २ वटा मन्त्रालय थप गरी मन्त्रालयको सङ्ख्या १४ पुऱ्याईएको। यस प्रकार प्रदेशको स्थापनाको समयमा ७ वटा मन्त्रालय रहेकोमा यो सङ्ख्या शतः प्रतिशतले वृद्धि भई हाल १४ वटा कायम हुन आएको छ। साङ्गठनिक आवश्यकता र कार्यबोझ भन्दा पनि अन्तर/आन्तरिक दलीय सन्तुलन र राजनीतिक आकाङ्क्षा व्यवस्थापन गर्ने सोंचले मन्त्रालयको सङ्ख्या विस्तार गर्ने गरिएको देखिन्छ।प्रदेश सरकारको केन्द्रदेखि जिल्लास्तर सम्मको विद्यमान समग्र साङ्गठानिक स्वरूप, दरबन्दी तथा काम लगायतका विषयहरूको विवरण **अनुसूची-२** मा समावेश गरिएको छ।

मन्त्रालयहरूको बीचमा कार्यबोझ तथा बजेट विनियोजन तर्कसङ्गत रूपमा वितरण भएको नदेखिएको। चालु आर्थिक वर्षको बजेटको देहाय बमोजिमको वितरणले यो विषम वितरण (Skewed Distribution) स्पष्ट गरेको देखिन्छ।

२. १. २ मन्त्रालय तथा संवैधानिक निकायगत बजेट वितरण

२. १. २. १ आ.व. २०८२-८३ मा मन्त्रालय तथा संवैधानिक निकायगत बजेट वितरण

*तालिका १: आ.व. २०८२-८३ मा मन्त्रालय तथा संवैधानिक निकायगत बजेट वितरण*

| मन्त्रालय/ निकाय | २०८२/८३ को बजेट | | | बजेट अंश प्रतिशत |
|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा बजेट | |
| प्रदेश व्यवस्थापिका | २७५५०८००० | २५०४७००० | ३००५५५००० | ०.४५% |
| प्रदेश लोक सेवा आयोग | १०२५००००० | ५०५५००० | १०७५५५००० | ०.१६% |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १७९९२००० | ९१६४००० | २७१५६००० | ०.०४% |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५०९३५८००० | २८७००००० | ५३८०५८००० | ०.८०% |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | १८०४५१००० | ३९११०००० | २१९५६१००० | ०.३३% |
| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ५५७००५००० | २२२६५७००० | ७७९६६२००० | १.१६% |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २३७४७७१००० | २५९५०९००० | २६३४२८०००० | ३.९०% |
| खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ४१२१५७००० | ६८७४९९८००० | ७२८७१५५००० | १०.८०% |

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | २६३५३१००० | ३५७६६५००० | ६२११९६००० | ०.९२% |
| संस्कृति तथा पर्यटन मन्त्रालय | ४६६५७७००० | ३२१०५०९००० | ३६७७०८६००० | ५.४५% |
| वन तथा वातावरण मन्त्रालय | १२७७९१२००० | २७१८८६८००० | ३९९६७८०००० | ५.९२% |
| सहकारी तथा गरिवी निवारण मन्त्रालय | २१६९१६००० | ४०९०५००० | २५७८२१००० | ०.३८% |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ४४८१६९००० | २४३५३७३५००० | २४८०१९०४००० | ३६.७६% |
| युवा तथा खेलकुद मन्त्रालय | ३२६२१५००० | ८४१८२३००० | ११६८०३८००० | १.७३% |
| सामाजिक विकास मन्त्रालय | ३६३५२६१००० | ७२४४८४००० | ४३५९७४५००० | ६.४६% |
| स्वास्थ्य मन्त्रालय | ३४७४६०९००० | ४९४२२१००० | ३९६८८३०००० | ५.८८% |
| श्रम, रोजगार तथा यातायात मन्त्रालय | ६५१७०३००० | २२२४६०००० | ८७४१६३००० | १.३०% |
| प्रदेश नीति तथा योजना आयोग | ४००९८००० | ३७२६००० | ४३८२४००० | ०.०६% |
| वित्तिय व्यवस्था तथा शेयर लगानी | ० | ० | ० | ०.००% |
| कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ४००००००० | ० | ४००००००० | ०.०६% |

| | | | | |
|---|---|---|---|---|
| अर्थ - विविध | २११५०००००० | १०००००००००० | ३११५०००००० | ४.६२% |
| स्थानीय तह | ८६५८९५८००० | ० | ८६५८९५८००० | १२.८३% |
| **२०८२/८३ को जम्मा** | २६०४४६९१००० | ४१४३२६३६००० | ६७४७७३२७००० | १००.००% |

## प्रदेश सरकारको बजेटको बृद्धिदर

| आर्थिक वर्ष | वार्षिक बजेट | बृद्धि दर |
|---|---|---|
| २०७५/७६ | ३३७९३५२४ | - |
| २०७६/७७ | ४३०४१३८७ | २७% |
| २०७७/७८ | ५१४२६९०२ | १९% |
| २०७८/७९ | ५७७२०९२७ | १२% |
| २०७९/८० | ७०९३९२९१ | २३% |
| २०८०/८१ | ६२७११२६३ | -१२% |
| २०८१/८२ | ६४५१५४३१ | ३% |
| २०८२/८३ | ६७४७७३२७ | ५% |



२. १. २. २ मन्त्रालयगत बजेट (आ. ब. २०७४/७५- २०८२/८३):

बागमती प्रदेश सरकारको बिगत आठ आ. व. (२०७४/७५- २०८२/८३) को मन्त्रालयगत बजेट विवरण **अनुसूची-३** मा दिईएको छ।

२. १. ३ दरवन्दी सिर्जना गर्दाको दीर्घकालीन दायित्व

प्रदेश सरकारले प्रत्येक दरवन्दी सिर्जना गर्दा दीर्घकालीन दायित्व व्यहोर्नु पर्ने हुन्छ। सामान्यतः एउटा कर्मचारीले २५ वर्षको उमेरमा सेवा प्रवेश गरी ६० वर्ष सम्म सेवारत रहेमा निजको औसत सेवा अवधि ३५ वर्ष मान्दा तह अनुसारको प्रत्येक दरबन्दी सिर्जनाबाट प्रदेश सरकारलाई सो अवधिमा ठूलो दायित्व पर्ने देखिन्छ। तसर्थ थप दरबन्दी सिर्जना गर्नुपर्दा यसका विविध पक्षलाई समेत विचार गरी न्यूनतम दरबन्दी सङ्ख्यामा सीमित रहनु उपयुक्त हुन्छ। तह अनुसार प्रत्येक दरबन्दी सिर्जनाबाट ३५ वर्ष सेवा अवधिमा उत्पन्न हुने वित्तीय दायित्व तल तालिकामा प्रष्ट पारिएको छ ।

*तालिका २ : तह अनुसार प्रत्येक दरबन्दी सिर्जनाबाट ३५ वर्ष सेवा अवधिमा उत्पन्न हुने वित्तीय दायित्व*

| क.सं. | तहको विवरण | तलब स्केल | जम्मा खर्च | शून्य प्रतिशत वार्षिक वृद्धिमा ३५ वर्षको खर्च | ५ प्रतिशत वार्षिक वृद्धिमा ३५ वर्षको खर्च | ५ प्रतिशत वृद्धि हुँदा ३५ वर्ष पछि कुल भविष्यको भेल्यु | ५ प्रतिशत वृद्धि हुँदा ३५ वर्षको कुल वर्तमान मूल्य |
|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत एघारौं | ६०,४९० | १०,७२,०९४ | ३,७५,२३,२९० | २०,६९,७९,०४४ | ९,६८,३१,८५९ | २०७९८६२३ |
| २ | अधिकृत दशौं | ५६,७८७ | १०,६४,५३९ | ३,७२,५८,८८६ | २०,५५,२०,५८७ | ९,६१,४९,५४३ | २०६५२०६८ |
| ३ | अधिकृत नवौं | ५२,४१७ | ९,८७,९७३ | ३,४५,७९,०६२ | १९,०७,३८,६३७ | ८,९२,३४,०४३ | १९१६६६८० |
| ४ | अधिकृत आठौं | ४८,७३७ | ९,२३,५९० | ३,२३,२५,६६४ | १७,८३,०८,८५९ | ८,३४,१८,९६८ | १७९१७६५३ |
| ५ | अधिकृत सातौं | ४५,८५१ | ८,९४,६६५ | ३,१३,१३,२७५ | १७,२७,२४,५०६ | ८,०८,०६,४१७ | १७३५६५०१ |
| ६ | अधिकृत छैठौं | ४३,६८९ | ८,५५,७८५ | २,९९,५२,४८९ | १६,५२,१८,३८९ | ७,७२,९४,८०० | १६६०२२३६ |
| ७ | सहायक पाँचौं | ३४,७३० | ७,२७,६०२ | २,५४,६६,०७० | १४,०४,७१,२३३ | ६,५७,१७,२३६ | १४११५४७८ |
| ८ | हलुका सवारी चालक प्रथम स्तर | २७,६१२ | ४,२८,९५६ | १,५०,१३,४६० | ८,२८,१४,४७६ | ३,८७,४३,४३७ | ८३२१७४६ |
| ९ | कार्यालय सहयोगी प्रथम स्तर | २४,७०२ | ३,९१,१२६ | १,३६,८९,४१० | ७,५५,१०,९९५ | ३,५३,२६,६२० | ७५८७८४४ |
| | जम्मा | ३,९५,०१५ | ७३,४६,३३१ | २५,७१,२१,६०६ | १,४१,८२,८६,७३० | ६६,३५,२२,९२८ | १४२५१८८३३ |

प्रस्तावित ७०१ दरवन्दीको कटौतीबाट २०८२ असार मसान्तको मूल्यमा देहाय अनुसार वार्षिक रुपमा ४८ करोड ५६ लाख ९ हजार २८५ रुपैयाँ र ३५ वर्षको सेवा अवधिमा जम्मा १६ अर्ब ९९ करोड ६३ लाख २४ हजार ९९६ रुपैयाँ बचत हुने देखिन्छः

*तालिका ३ : प्रस्तावित दरबन्दी कटौतीबाट ३५ वर्ष सेवा अवधिमा बचत हुने रकम*

| सि.न. | तह | प्रति दरवन्दी पारिश्रमिकको वार्षिक खर्च रु. (२०८२ असार मसान्तको मूल्यमा) | कटौती भएको दरवन्दी संख्या | दरवन्दी कटौती पछि वार्षिक बचत हुने कुल रकम रु. (२०८२ असार मसान्तको मूल्यमा) | ३५ वर्षको सेवा अवधिमा बचत हुने कुल रकम रु. (२०८२ असार मसान्तको मूल्यमा) |
|---|---|---|---|---|---|
| १ | अधिकृत एघारौं | १०,७२,०९४ | ५ | ५३,६०,४७० | १८,७६,१६,४५० |
| २ | अधिकृतस्तर नवौं/दशौं | १०,२६,२५६ | ५४ | ५,५४,१७,८४५ | १,९३,९६,२४,५९६ |
| ३ | रा. प. तृतिय/ अधिकृतस्तर सातौं/आठौं | ८,९४,६६५ | ९९ | ८,८५,७१,८३५ | ३,१०,००,१४,२२५ |
| ४ | अधिकृत छैठौं | ८,५५,७८५ | २०५ | १७,५४,३६,००७ | ६,१४,०२,६०,२४५ |
| ५ | सहायक पाँचौं | ७,२७,६०२ | ७० | ५,०९,३२,१४० | १,७८,२६,२४,९०० |
| ६ | तह विहिन | ४,१०,०४१ | २६८ | १०,९८,९०,९८८ | ३,८४,६१,८४,५८० |
| | जम्मा | | ७०१ | ४८,५६,०९,२८५ | १६,९९,६३,२४,९९६ |

## २. १. ४ अवलोकन गरिएका विषयहरु (General Observations)

प्रशासन सुधार एक अन्तरसम्बन्धित र बहुपक्षीय मुद्दा (Cross Cutting Issue) रहेकाले शासकीय प्रबन्ध विविध पक्षलाई समेत विश्लेषण गर्न आवश्यक हुने गर्छ। यो प्रतिवेदन तयार गर्दा देहायका विषयहरू अवलोकन गरियो ।

(क) प्रदेश सरकार अन्तर्गत समान प्रकृतिका कामलाई एकीकृत गर्ने सम्भावना हुँदाहुँदै पनि ती कार्यहरूलाई विभिन्न मन्त्रालयमा खण्डीकृत गरिएको। यसबाट अन्तर निकाय समन्वय जटिल हुन गई प्रभावकारी तथा चुस्त सेवा प्रवाह हुन नसकेको।

(ख) प्रदेशको प्रशासनिक संरचनाको अनावश्यक र अनुत्पादनशील विस्तारले प्रदेशमा चालु खर्चको भार बढ्न गई विकासका लागि आवश्यक पूँजीगत खर्चका लागि रकम न्यून हुन गएको। यसबाट प्रादेशिक विकास र समृद्धिका लागि सार्वजनिक लगानीको लागि आवश्यक वित्तीय स्थान (Fiscal Space) साँघुरो बन्न गएको छ।

(ग) नेपालको संविधान बमोजिम प्रदेशको कार्य क्षेत्रमा नपरेका विषयहरू समेत कतिपय मन्त्रालयले कार्यान्वयन गर्ने गरेको देखियो। उदाहरणका लागि नेपालको संविधानले प्रदेशलाई उच्च शिक्षाको मात्र जिम्मेवारी दिएकोमा मन्त्रालयले स्थानीय तहको क्षेत्राधिकारमा रहेको आधारभूत तथा माध्यमिक शिक्षामा प्रवेश गरेको छ। सङ्घ वा स्थानीय तहको कार्य क्षेत्रमा परेका खर्च जिम्मेवारीका लागि प्रदेशको संरचना विस्तार गर्नु सान्दर्भिक देखिएन।

(घ) प्रदेशले निजी क्षेत्र तथा सामुदायिक संस्थाबाट दक्ष तथा प्रभावकारीरूपमा गर्न सक्ने कार्य सोही क्षेत्रबाट गरी सो क्षेत्रहरूबाट हुन नसक्ने कार्यमा मात्रमा संलग्न भई सो प्रयोजनका लागि आफ्ना संरचना निर्माण गर्नु पर्नेमा सो गर्ने गरेको पाईएन।

(ङ) प्रदेशले वस्तुगत आवश्यकता भन्दा पनि सङ्घकै सिको गरेरे सङ्घमा समेत औचित्यको प्रश्न उठेका विभिन्न आयोग, समिति, प्रतिष्ठान, बोर्ड, परिषद् आदि खडा गरी दीर्घकालीन दायित्व सिर्जना गरेको पाईयो। प्रदेशले आफ्नो मूल संरचना (Main Structure) लाई बलियो बनाउनु पर्नेमा यस्ता मूलसंरचनालाई कमजोर पार्ने Cantilever थप्दै लगेको देखियो।

(च) भौतिक पूर्वाधार, भवन, मठमन्दिर, भ्यू टावर, विद्यालय, स्वास्थ्य संस्था लगायतका भौतिक संरचनाका कामहरूका लागि जुनसुकै मन्त्रालय अन्तर्गत बजेट बिनियोजन भए पनि प्राविधिक विशेषज्ञता कारण पूर्वाधार विकास/भवन / सहरी विकाससँग सम्बन्धित निकायबाट गराउनु पर्नेमा बजेट विनियोजन भएकै मन्त्रालय / निकायबाट कार्यान्वयन गर्ने गरेको पाइयो।

(छ) प्रदेशका मन्त्रालयहरूले आफैं गर्न सक्ने वा डिभिजन कार्यालय/ जिल्ला कार्यालय/ स्थानीय तह मार्फत् गर्न सकिने कार्यका लागि समेत निर्देशनालयहरू स्थापना गरेको पाईयो। यसले काममा दोहोरपना र अनावश्यक प्रशासनिक खर्चको भार बढाएको देखियो।

(ज) बागमती प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त गर्ने गरेको वित्तीय हस्तान्तरणको अनुमानित रकमको तुलनामा प्राप्ती रकम कम हुँदै गएको र पछिल्ला केही वर्ष यता यसको बृद्धिदर समेत घट्‌दै गएकोले प्रशासनिक खर्चको बृद्धिमा साबधानी अपनाउन पर्ने देखियो।

## २.२ केन्द्रीयस्तरका अन्य संरचनाहरू

### २.२.१ बागमती प्रदेश विश्वविद्यालय

संविधानबाट प्राप्त प्रदेश विश्वविद्यालय सम्बन्धी अधिकार प्रयोग गरी प्रदेश सरकारले बागमती प्रदेश उच्च शिक्षा ऐन, २०७८ का आधारमा विधानद्वारा बागमती प्रदेश विश्वविद्यालय २०८१ सालमा स्थापना गरेको छ। यस विश्वविद्यालयले हाललाई विज्ञान तथा प्रविधि, व्यवस्थापन तथा कानून र शिक्षा शास्त्र तथा सामाजिक विज्ञान समेत गरी तीनवाट सङ्काय सञ्चालन गर्ने निर्णय गरेको। यस अनुसार हालै संघीय कानूनबाट स्थापित अन्य विश्वविद्यालय अन्तर्गत सञ्चालनमा रहेका क्याम्पसहरू मध्ये आङ्गिक क्याम्पसको रूपमा सञ्चालित हुन चाहनेका लागि आवेदन माग गरी व्यवस्थापन सङ्काय तर्फ ६ वटा सामुदायिक क्याम्पसहरूलाई यस विश्वविद्यालयसँग आवद्ध गराई सञ्चालन गर्दै आएको देखिन्छ। कामको खोजी वा अध्ययनका लागि युवाहरू विदेश पलयान भई देशको उच्च शिक्षामा विद्यार्थी सङ्ख्या क्रमशः कम हुँदै गइरहेको अवस्थामा विश्वविद्यालयहरूको सङ्ख्या थप्दै जानु विरोधाभाषयुक्त स्थिति देखिन्छ। नेपाल राज्यभर हाल २७ वटा विश्वविद्यालय रहेको र तिनको सञ्चालन कतिपयको हकमा अत्यन्तै दयनीय रहेको देखिन्छ । हालको अवस्थामा विश्वविद्यालयबाट उत्पादित जनशक्ति मूलतः बेरोजगार अवस्थामा रहेको देखिन्छ। खासगरी अप्राविधिक संकायको उत्पादनको आपूर्ति बजारको मागको तुलनामा अत्यधिक बढी भएकाले कतिपय विश्वविद्यालयहरूले आवश्यक सङ्ख्यामा विद्यार्थी भर्ना नपाएको कारणले कुनै कुनै सङ्काय प्रायः बन्दको अवस्थामा पुगेका छन्। यस अवस्थामा बागमती विश्वविद्यालयबाट नवप्रवर्तन र विज्ञान-प्रविधिमा आधारित रही नयाँ नयाँ सङ्काय तथा विषयको खोजी गरी तदनुरूप संचालन नगर्ने हो भने यो विश्वविद्यालयबाट खासै प्रतिफल आउन सक्ने अवस्था देखिएन।

### २.२.२ प्रदेश दुग्ध विकास बोर्डः

प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ अनुसार प्रदेश दुग्ध विकास बोर्डको गठन भएको देखिन्छ। प्रदेशले कृषि तथा पशुपन्छी विकासका क्षेत्रमा धेरैवटा विधामा नियमित संरचना मार्फत् काम काज गर्दै आएको छ। दुग्ध विकासको कार्य यी नियमित कार्यकै अभिन्न अङ्ग रहेकाले अलग बोर्ड स्थापना गर्नुपर्ने औचित्य देखिएन।

### २.२.३ प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालयः

प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को प्रावधान बमोजिम सञ्चार माध्यमको दर्ता, अभिलेखीकरण, इजाजत र अनुगमन तथा नियमन गर्न सञ्चार रजिष्ट्रार र सञ्चार रजिष्ट्रारको कार्यालयको व्यवस्था गरेको देखिन्छ। सञ्चार रजिष्ट्रार नियुक्ति नभएसम्म वा १५ दिन भन्दा बढी बिदामा बसेमा वा पद रिक्त भएमा मन्त्रालयको सचिवले काम काज गर्ने कानूनी व्यवस्था रहेको छ। यो कार्यालयको कार्य मन्त्रालयको नियमित कार्यको रूपमा गर्न सकिने प्रकृतिको देखिएको हुँदा अलग कार्यालय स्थापना गर्नु आवश्यक देखिएन।

### २.२.४ प्रदेश युवा परिषद् र प्रदेश खेलकुद विकास परिषद्ः

प्रदेश खेलकुद विकास ऐन, २०७५ को व्यवस्था अनुसार प्रदेशमा खेलकुद, खेल संस्कृतिको विकास, खेलकूद पूर्वाधार निर्माण, खेलाडीको ब्यावसायिक सुरक्षा, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने प्रतियोगितामा हुने सहभागिता र खेलकूद क्षेत्रको समग्र विकास गर्न प्रदेश खेलकुद विकास परिषद्को व्यवस्था गरिएको छ। त्यस्तै युवाहरूको हकहित संरक्षण, संम्वर्द्धन र सशक्तिकरण गरी युवाहरूलाई राष्ट्र विकासको मूल प्रवाहमा समावेश गराउने अभिप्रायले प्रदेश युवा परिषद् ऐन, २०७६ को व्यवस्था बमोजिम प्रदेश युवा परिषद् गठन गरिएको छ। खेलकुद विकास र युवा क्षेत्रको सहभागिता अन्योन्याश्रित र कार्यक्रमहरू मूलतः समान लक्ष्य उन्मुख देखिएकाले यस प्रयोजनका लागि अलग अलग दुईवटा निकाय सञ्चालन गर्न वाञ्छनीय देखिएन।

### २.२.५ प्रदेश सुशासन केन्द्रः

प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने तालिम प्रदायक संस्थाको रूपमा प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ बमोजिम प्रदेश सुशासन केन्द्रको स्थापना भएको। केन्द्रले संचालन गर्ने कार्यक्रमका लागि केन्द्रको भूमिका मूलतः समन्वय कार्यमा मात्र सीमित रहेको देखियो। प्रशिक्षणका लागि

पूर्णरूपमा बाह्य विज्ञ (External Experts) मा निर्भर रहने गरेको। यसरी छुट्टै निकाय स्थापना गरी प्रशिक्षण कार्य सञ्चालन गराउनु सान्दर्भिक देखिएन।

## २.३ जिल्लास्तरका संरचना

(क) मन्त्रालय मातहत निकायको स्थापना वा कार्यालय विस्तार गर्दा संघ तथा स्थानीय तहको कार्य क्षेत्रमा परेका विषयलाई समेत समेटेको देखियो। यसमा प्रशासनिक आवश्यकता भन्दा पनि आफ्नो संस्थाको कार्यक्षेत्र विस्तार गर्ने प्रवृति (Leviathan) देखियो।

(ख) कामको प्रकृति अनुसार २ वा दुईभन्दा बढी जिल्लाका लागि डिभिजन कार्यालयबाट हुन सक्ने कामका लागि पनि प्रत्येक जिल्लामा जिल्लास्तरीय कार्यालय स्थापना गरेको देखियो। जिल्लामा नराखी नहुने मिल्ला जुल्दा कार्यका लागि एकीकृत कार्यालय स्थापना गरी काम गराउनु पर्नेमा सो गरेको देखिएन। यसबाट कार्यालयहरू छरिन पुगेका र सेवाग्राहीलाई असहज हुन पुगेको तथा यसले प्रशासनिक खर्च समेत बढाएको । अस्पताल लगायत जिल्लामा रहेका स्वास्थ्य सम्बन्धी कार्यालयहरू अस्पताल परिसरमै राखेर कार्य सम्पादन गर्न सकिनेमा फरक फरक स्थानमा राखी कार्य गरेको पाइयो। यसले स्रोत साधनको उपयोगमा दोहोरोपना आई प्रशासनिक खर्च बढाएको देखियो।

(ग) एउटै मन्त्रालय अन्तर्गतका एकीकरण गर्न सकिने कार्यका लागि समेत जिल्लामा फरक फरक कार्यालय स्थापना गरेको देखियो। यसले अतिरिक्त व्ययभार सिर्जना गरी सेवा प्रवाह र जनशक्ति व्यवस्थापनलाई असहज गरेको छ। कृषि र पशु सम्बन्धी सेवाहरू एकै निकायबाट गर्न सकिनेमा अलग अलग कार्यालय स्थापना गरिएको छ।

(घ) अन्य निकायबाट प्रभावकारीरूपमा सम्पादन गर्न सकिने कार्यका लागि समेत मन्त्रालयहरूले जिल्लामा आफ्नै छुट्टै कार्यालय खोली काम गरेको देखियो। मन्त्रालयबाट गरिने कतिपय विविध कार्यहरू जिल्ला समन्वय समितिबाट गर्न सकिनेमा सो को उपयोग गरेको देखिएन। महालेखा नियन्त्रकको कार्यालयसँग औपचारिक सम्झौता गरी संघीय कोष लेखा नियन्त्रक कार्यालयबाट सहज तरिकाले गर्न सकिने कार्यका लागि कतिपय जिल्लामा प्रदेश लेखा एकाइ कार्यालय स्थापना गरेको देखियो।

२.४ आयोजना व्यवस्थापन सम्बन्धी

(क) आयोजना वर्गीकरण र प्रदेश सरकारको क्षेत्राधिकार सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारबाट समय समयमा विभिन्न मापदण्डहरू स्वीकृत गरिएकोमा यस्ता मापदण्डको पालना गरेको देखिएन। प्रदेशले स्थानीय तहबाट गर्नु पर्ने स-साना खुद्रे योजना (Petty Projects) पनि सञ्चालन गर्ने गरेको देखियो।

(ख) आयोजना छनौट गर्दा लाभ-लागत लगायत यसका विविध पक्षमा पर्याप्त अध्ययन नगरी तदर्थरूपमा विभिन्न श्रोतबाट प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गरेको देखियो। यसले अनावश्यकरूपमा साधन स्रोत खर्च गराएको र अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको ।

(ग) आयोजना कार्यान्वयन गर्ने क्रममा त्यसका पूर्व आवश्यकताहरू (Prerequisites) मा पर्याप्त ध्यान नपुगेको, पर्याप्त साधन स्रोत ठीक समयमा उपलब्ध गराउन नसकिएको, आयोजनाको सञ्चालनमा पदाधिकारीलाई जिम्मेवार बनाउन नसकिएको जस्ता समस्याहरू प्रायशः आयोजनामा देखिएको।

(घ) आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत व्यवस्था भएको देखिए तापनि कार्यान्वयन मूल्याङ्कन (Implementation Monitoring) प्रभावकारी नदेखिएको र एउटै प्रकृतिका समस्याहरू बारम्बार दोहोरिने गरेको।

(ङ) विकास आयोजनाहरू प्रायशः तोकिएको समय र लागतमा सम्पन्न नहुने गरेको (Time and Cost Overruns) । यसका कारण प्रदेश सरकारले अतिरिक्त वित्तीय दायित्व व्यहोर्नु परेको छ। आयोजनाबाट समयमै प्रतिफल प्राप्त नहुँदा यसबाट अन्य विकास कार्यमा समेत बाधा पुगेको ।

(च) प्रदेश सरकारबाट स्वीकृत वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ ले आयोजना तर्जुमाका आधार तथा क्षेत्रहरू, आयोजनाको वर्गीकरण, आयोजना परिचालन गर्ने निकाय र विधि तथा आयोजना तर्जुमा गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया तथा त्यसमा संलग्न हुने संस्था एवं पदाधिकारीहरूको समेत किटान गरेकोमा सो अनुसार आयोजना छनौट गर्ने गरेको देखिएन।

## २.५ प्रशासनिक व्यवस्थापन

(क) नेपालको संविधानको धारा ६० को उपदफा (८) मा राजस्व बाँडफाँटका आधारहरूमा आर्थिक-सामाजिक क्षेत्रहरू समेत समावेश गरिएकाले संघबाट राजस्व बाँडफाँटबाट प्राप्त सबै रकम प्रशासनिक खर्चमा विनियोजन गर्न मिल्ने देखिएन। एउटा निश्चित सीमा (Threshold) राखेर त्यसको सीमाभित्र रहने परिपाटी बसाल्दै जानु पर्ने देखिन्छ।

(ख) कतिपय दरबन्दीहरू प्रदेशको आवश्यकता भन्दा समायोजन भई आएका कर्मचारीहरूलाई बहाल गराउने अभिप्रायले **सिर्जना** गरेको देखियो। यसलाई निरन्तरता दिंदा अनावश्यकरूपमा थप प्रशासकीय व्ययभार पर्नजाने हुन्छ।

(ग) कर्मचारीहरूमा बहुपक्षीय सीप (Multi Skills) नहुँदा एउटै पदबाट हुन सक्ने कामका लागि एक भन्दा बढी पद सिर्जना गरिएको ।

(घ) माथिल्लो तहको पदहरू तल्लो तहको पदको तुलनामा अमिल्दो/असङ्गतियुक्त (Asymmetric) भएको हुँदा कर्मचारीको वृत्ति विकासको अवसरलाई साँघुरो बनाएको।

(ङ) श्रेणीभित्रको तहगत बढुवालाई दरबन्दीमा आधारित नगरी स्वतः स्तरबृद्धि गरी माथिल्लो तहमा जाने व्यवस्थाले कर्मचारीहरूमा माथिल्लो पदप्रतिको अधिक आकाङ्क्षा हुन गएको।

(च) प्रदेश निजामती सेवा ऐनमा सातवटा सेवाको प्रावधान राखियो। तर सेवाभित्रको समूहको हकमा नियमावलीमा उल्लेख हुनुपर्ने व्यवस्था भए पनि हालसम्म प्रदेश निजामती सेवा नियमावली आईनसकेको हुँदा कानूनतः समूह कायम हुने अवस्था देखिएन। तर संघबाट समायोजन भई आएका कर्मचारीहरू विभिन्न समूहमा समेत रहेको हुँदा कार्यरत कर्मचारीको आधारमा समूह देखाउनु पर्ने अवस्था रहेको छ। कानूनतः समूह नरहेको अवस्थामा पनि समूह तोकी प्रदेश लोकसेवा आयोगबाट विभिन्न पदहरूको विज्ञापन हुने गरेको देखियो।

(छ) प्रदेश सरकारको कुल दरबन्दीमा निम्नस्तरको पदको दरबन्दी अत्यधिक रहेको देखियो। यस्ता दरबन्दीलाई व्यवस्थित गर्नु पर्ने देखियो।

(ज) कर्मचारीको बारम्बार हुने सरुवाले संस्थागत स्मृति (Institutional Memory) कमजोर हुन पुगेको र यसका कारण कार्यसम्पादनमा नवीनता (Innovation) आउन वाधा पुऱ्याएको देखियो।

# परिच्छेद-३: नीतिगत सुझावहरू

## ३.१ कर्मचारी प्रशासन सम्बन्धी सुझावहरू

### ३.१.१ विकेन्द्रित प्रशासन

- विगत केही समय यता सार्वजनिक प्रशासनमा तल्ला तहबाट सम्पादन भएको कामका लागि बढुवाको प्रयोजनका लागि माथिल्लो पदमा अपग्रेड गर्ने प्रवृत्तिले गर्दा माथिल्लो पदको गरिमा र व्यावसायिकता क्षयीकरण हुँदै गएको छ । फिल्ड तहबाट हुने कार्यहरूमा समेत केन्द्रस्तरको सँलग्नता बढ्न गई नीतिगतस्तरका पदाधिकारी समेत स-साना कार्यान्वयन तहका काममा अल्झेको पाईयो । बढ्दो स्थानीयकरणलाई प्रोत्साहित गर्न जनताका नजिकका कार्यालयबाट सम्पादन हुन सक्ने कामहरू सम्भव भएसम्म स्थानीय तह मार्फत् नै गर्ने गरी अधिकारको विकेन्द्रीकरण गर्ने ।
- मन्त्रालयका डिभिजन/ जिल्लास्तरबाटै सम्पादन गर्न सकिने काममा मन्त्रालय संलग्न हुनु उचित नभएकाले यस्ता कार्यहरू सम्भव भएसम्म डिभिजन/जिल्लास्तरका कार्यालयलाई अत्यधिकरूपमा अधिकार प्रत्यायोजन गर्ने। डिभिजन/जिल्लास्तरका कार्यालयहरूमा जान कर्मचारी उत्प्रेरित हुने गरी ती कार्यालयहरूलाई सबलीकरण गर्ने।

### ३.१.२ प्रशासनिक व्यवस्थापन

- प्रदेश सरकारको आन्तरिक आय र सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमलाई सहज ढङ्गमा बुझी प्रशासनिक खर्चमा लगाउनु उचित हुँदैन। पूँजीगत खर्चमा बढी भन्दा बढी विनियोजन हुने गरी प्रदेशले प्रशासनिक खर्चको लागि कानूनबाट निश्चित सीमा तोक्नु उपयुक्त हुने। प्रदेश सरकारले सेवा दिँदा प्रशासनिक खर्च न्यूनीकरण गर्ने उद्देश्यले सेवा र कार्यका लागि स्थानीय तह वा समुदायसँग सहकार्य गरी त्यस्तो खर्च घटाउने।
- प्रदेशको कार्यजिम्मेवारीको लागि सङ्घबाट समायोजन भएर आएका तथा प्रदेशले नियुक्ति गरेका दरबन्दीहरूमध्ये कुनै पद उपयुक्त नभएमा यस्ता कर्मचारीहरू सेवानिवृत्त भए पश्चात् सो पदहरू स्वतः खारेज हुने प्रणालीको विकास गर्ने।

- जिल्ला वा डिभिजनस्तरमा रहने संयुक्त कार्यालयमा कार्यालय प्रमुख राख्दा वरिष्ठतम अधिकृतले कार्यालय प्रमुखको जिम्मेवारी बहन गर्ने। जस्तै प्रस्तावित कृषि तथा पशुविकास डिभिजन कार्यालयमा प्रमुख कृषि विकास अधिकृत र प्रमुख पशु विकास अधिकृत मध्ये वरिष्ठतमले कार्यालय प्रमुखको जिम्मेवारी समेत निर्वाह गर्ने।
- हाल भइरहेको संघीय निजामती सेवामा रहेको कानून सेवाको पद बाहेक अन्य पद प्रदेश निजामती सेवा कायम हुने।
- प्रमुख सचिव र प्रदेश सचिवको पदमा देहाय बमोजिम गर्नेः

  (क) प्रदेशको प्रमुख सचिव पदलाई १३ औं तह वा सरह कायम गर्ने। यो पद संघीय निजामती सेवाबाट रहने व्यवस्थालाई निरन्तरता दिने ।

  (ख) नेपाल सरकारले प्रदेश मन्त्रालयको सचिव खटाउने विद्यमान व्यवस्था बन्द गर्न प्रदेश सरकारले आवश्यक पहल गर्ने । प्रदेश सरकारले मात्र प्रदेश सचिवको नियुक्ति गर्ने व्यवस्था भएपछि प्रदेश सचिवको पदलाई १२ औं तहको कायम गर्ने।

  (ग) १२ औं तहको प्रदेश सचिव पदमा ५ वर्षको सेवा अवधि कायम गर्ने। सो अवधि समाप्त भएपछि स्वतः अवकाश हुने।

  (घ) ११ औं तहको पद समूहीकृत नहुने

  (ङ) मन्त्रालयको सचिव देखि वाहेक अन्यत्र १२ औं तहको दरबन्दी नरहने

  (च) १२ औं तहको पद कुनै सेवा वा समूहमा समूहीकृत नहुने ।
- रू २५ करोड भन्दा बढि विकास बजेट भएको कार्यालय वा आयोजनामा लेखा अधिकृत (७/८ तह) को दरबन्दी कायम गर्ने ।
- श्रेणी भित्रको तहमा स्तर वृद्धि गर्दा देहाय अनुसार गर्नेः

  (क) तल्लो तहमा ५ वर्ष सेवा अवधि पूरा भएको

  (ख) विगत तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन औसत अङ्क ९५ प्रतिशत भन्दा कम नभएको,

  (ग) प्रदेश निजामती सेवा ऐनको दफा ११५ बमोजिम तलब बृद्धि वा बढुवा रोक्का अवधि भुक्तान भएको

२५

(घ) निलम्बनमा नरहेको

- कुनै विशिष्ट प्रकृतिको आयोजनाको लागि आयोजना अवधिका लागि करारमा आवश्यक विज्ञ कर्मचारी राख्नु पर्दा आयोजनाको समाप्ति पछि सेवाबाट स्वतः हट्ने व्यवस्था (Sunset Laws) कार्यान्वयनमा ल्याउने।
- हरेक कर्मचारीमा आधारभूत कम्प्युटरको ज्ञान आवश्यक भएकाले कम्प्युटर अपरेटर पदमा करारमा समेत नयाँ भर्ना नगर्ने र यस्ता पदमा सेवारत कर्मचारी हटेपछि सो पद स्वतः खारेज हुने व्यवस्था गर्ने।
- विश्वविद्यालयसँग समन्वय गरी जनशक्तिको अभाव भएका प्राविधिक कार्यका लागि प्रदेशभित्रका प्राविधिक विश्वविद्यालयबाट आवश्यक सङ्ख्यामा स्वयंसेवक/इन्टर्नसिपमा विद्यार्थी परिचालन गर्ने। यसरी इन्टर्नसिप/स्वयंसेवकमा काम गर्न आउनेलाई न्यूनतम पारिश्रमिक दिई बढीमा १२ + १ महिनाका (नयाँ र पुराना ब्याचको Handover /Takeover का लागि सो एक महिना) लागि यस्तो सेवा लिन उपयुक्त हुने।
- विकास निर्माण कार्यलाई प्राथमिकतामा राख्ने र सार्वजनिक प्रशासनलाई प्रविधिमैत्री बनाउने अभिप्रायले प्राविधिक मन्त्रालय अथवा कार्यालयहरूमा प्रशासनिक र प्राविधिक कर्मचारीहरूको अनुपात निर्धारण गर्दा प्राविधिक क्षेत्रलाई उच्च प्राथमिकतामा राख्ने। यस प्रयोजनका लागि प्राविधिक कार्यालयहरूमा प्राविधिकहरू कम्तिमा ७० प्रतिशत र प्रशासनिक र सहयोग क्षेत्रका बढीमा ३० प्रतिशत कर्मचारी राख्ने।
- मन्त्रालयहरूलाई अधिकृतमैत्री बनाई सङ्गठनमा कार्यदक्षता ल्याउने।
- मन्त्रालयमा मन्त्रीको निजी सचिवालयमा राजनीतिक नियुक्तिको स्वकीय सचिव रहन नपाउने व्यवस्था गर्ने। सचिवालयमा आवश्यक कर्मचारी प्रदेश निजामती सेवाको कर्मचारीबाट खटाउने। मन्त्रीज्यूलाई १ जना स्वकीय सचिव राजनीतिक नियुक्ति मार्फत् राख्न पाउने व्यवस्था गर्ने।
- मन्त्रालयको सचिवले मातहतका महाशाखा प्रमुखलाई अधिकार प्रत्ययोजनको सामान्य सिद्धान्तभित्र रही कार्यसम्पादनका नतिजासूचक सहित पर्याप्त अधिकार प्रत्यायोजन गर्ने र यो व्यवस्था क्रमशः तल्ला तहका पदाधिकारीको हकमा समेत लागु गर्ने ।

### ३.१.३ प्रशासनिक मापदण्ड

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य मन्त्रालयसँग सहकार्य गरी प्रदेश सरकारको कार्यालय प्रयोजनमा आउने विभिन्न प्रशासकीय प्रबन्धका विषयहरुमा मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउने। त्यस्तो मापदण्ड निर्माण गर्दा, उदाहरणको लागि भवनको बाहिरी रङ्ग, फर्निचरका आकार, कम्प्युटरका न्यूनतम फिचर, पदाधिकारीको तह अनुसार सवारी साधनका न्यूनतम मापदण्ड, प्रकाशनको आकार तथा प्रकारहरू, कार्यालयमा प्रयोग हुने पत्रको आकार, लेटर हेड, कलमको मसी, कागजको प्रकृति जस्ता विषयहरुलाई समावेश गर्ने ।

### ३.१.४ नतिजामूलक व्यावसायिक योजना

प्रत्येक मन्त्रीले नियुक्ति पाएको एक हप्ताभित्र आफ्नो मन्त्रालयमा के कति अवधिमा के कस्ता नतिजा हासिल गर्ने हो सोको व्यावसायिक योजना मुख्यमन्त्री समक्ष प्रस्तुत गर्नुपर्ने। सो योजनालाई मन्त्रालयको वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउने ।

### ३.१.५ प्रदेश निजामती सेवा नियमावलीको तर्जुमाः

प्रदेश निजामती सेवा ऐनमा कतिपय क्षेत्र तोकिए बमोजिम हुने भन्ने प्रावधान भएकोले द्रुत गतिमा निजामती सेवा नियमावली जारी गर्न आवश्यक रहेको छ। यसले कर्मचारी प्रशासनमा रहेका कतिपय अन्योलहरूको समाधान गर्नेछ।

### ३.१.६ बढुवा व्यवस्थापनः

बढुवा व्यवस्थापन सम्बन्धी व्यवस्थामा देहायका विषय थप गर्नेः

(क) माथिल्लो श्रेणीको तहमा बढुवा हुँदा सो भन्दा निकटतम मुनिको तहमा कम्तिमा ५ वर्ष सेवा अवधि पूरा भएको र कार्य सम्पादन मूल्यांकनमा औसत ९५% अंक प्राप्त गरेमा मात्र माथिल्लो तहको बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पाउने।

(ख) एघारौं तहबाट १२ औं तह (प्रदेश सचिव) मा तह बृद्धिबाट नभई बढुवाबाट मात्र पदपूर्ति हुने।

### ३.१.७ सरूवा व्यवस्थापन

- नवौं र दशौं तहका कर्मचारीको सरूवा गर्दा प्रचलित कानून अनुसार सरूवा हुने अवधि पुगेको हकमा सम्बन्धित मन्त्रालयले नै आन्तरिक सरुवा गर्ने। विशेष अवस्था परी त्यस्तो सरुवा गर्ने अवधि नपुग्दै सरुवा गर्नु पर्ने भएमा मात्र प्रमुख सचिवले गर्ने व्यवस्था लागु गर्ने।
- कुनै पनि कर्मचारीको सरुवा गर्दा कानूनमा तोकेको अवधिलाई मिति (वर्ष, महिना, गते, बार) समेत खुलाई गर्ने।
- नेपाल सरकारद्वारा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ समेतलाई दृष्टिगत गरी प्रदेश सरकारका मन्त्रालयहरूमा पदस्थापन भएका सचिवलाई दुई वर्ष पूरा नगरी सरुवा नगर्ने र संघीय सरकारको सचिव पदमा बढुवा हुन प्रदेश सरकारका मन्त्रालयमा दुई वर्षको एक कार्यकाल पूरा गरेको हुनुपर्ने व्यवस्था गर्न प्रदेश सरकारले संघीय सरकारसँग पहल गर्ने।

### ३.१.८ फाजिल दरबन्दी व्यवस्थापन

- फाजिलमा परेको दरबन्दी रिक्त रहेको अवस्थामा सो दरबन्दी स्वतः खारेज गर्ने ।
- फाजिलमा परेको दरबन्दीमा कसैको पदाधिकार रहेको अवस्थामा त्यस्ता कर्मचारीको पदाधिकारका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने गरी पुल दरबन्दी कायम गर्ने। यस्तो दरबन्दीमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट निजको पदाधिकार समाप्त भएमा सो पद स्वतः खारेज हुने व्यवस्था गर्ने ।
- विकास आयोजनाहरूको अस्थायी दरबन्दीमा नयाँ भर्नाद्वारा पदपूर्ति नगरी फाजिलमा रहेका पुल दरबन्दीका कर्मचारीलाई योग्यता मिल्दोजिल्दो भएमा आयोजना अवधिका लागि काजमा खटाउने।
- स्थानीय तहमा परिचालन गर्ने सकिने अवस्था देखिएमा फाजिलमा रहेका कर्मचारीलाई स्थानीय तहमा खटाउने।
- फाजिलमा रहेका कर्मचारीलाई प्रदेश सरकारको स्वामित्वमा रहेका अन्य निकायहरूमा समेत परिचालन गर्न सकिने।
- मिल्दो योग्यता भएको अवस्थामा फाजिलमा रहेका कर्मचारीको सेवा समूह परिवर्तन गरी काममा लगाउन सकिने।

### ३.१.९ सवारी साधन र सवारी चालकको व्यवस्थापन निश्चित मापदण्डको आधारमा

- चारपाङ्ग्रे सवारी सुविधा पाउने पदाधिकारी र सवारी सुविधामा जोडिएका अन्य सुविधा (सवारीको किसिम, रङ्ग, इन्धन कोटा, मोबिल, मर्मत संभार आदि) प्रदेश सरकारको निर्णयबाट तोकिनु पर्ने।
- सवारी चालकको दरबन्दी तोक्दा प्रत्येक मन्त्रालयमा सचिव तथा प्रत्येक महाशाखाको १-१ दरबन्दी र मन्त्रालयको पुलमा रहने गरी थप १ दरबन्दीको मापदण्ड लागु गर्ने।
- इन्धनको आयात नियन्त्रण र वातावरणको संरक्षणको लागि पदाधिकारीको हकमा विद्युतीय सवारी साधन मात्र खरिद गर्ने व्यवस्था गर्ने।
- सवारी चालकलाई कार्यालय समयमा खाली रहेको अवस्थामा निजलाई अन्य कार्य (दर्ता, चलानी, कम्प्युटर आदि निजको दक्षता भएको कार्यमा) मा समेत परिचालन गर्ने।

### ३.१.१० कार्यालय सहयोगीको व्यवस्थापन

- हाललाई मन्त्रालयमा कार्यालय सहायकको दरबन्दी निर्धारण गर्दा मन्त्रीको सचिवालयको लागि-१, प्रमुख सचिवको सचिवालयको १, प्रत्येक महाशाखाका लागि १ र मन्त्रालयको पुलमा रहने १ को मापदण्ड लागु गर्ने ।
- कार्यालय सहयोगीको पद रिक्त भएपछि सो पद खारेज गर्दै लगी क्रमशः दुई महाशाखाको लागि एक कार्यालय सहयोगीमा सीमित गर्ने ।
- कार्यालय सहयोगी भर्ना गर्दा कम्तिमा ८ कक्षा उत्तीर्ण गरी मोटर साईकल चालक अनुमति प्राप्त भएको हुनुपर्ने प्रावधान लागु गर्ने ।

### ३.१.११ सेवा समूह वर्गीकरण

- प्रदेशको निजामती सेवा ऐन बनेको तर नियमावली नबनेको जसले गर्दा संघीय सरकारद्वारा समायोजन भई आएका कर्मचारीहरू जे जस्तो समूह वा उपसमूहमा छन् सोही बमोजिम कायम गरेको देखियो। प्रदेश लोकसेवा आयोगले पनि समूह उप-समूह कानूनीरूपमा टुङ्गो नलाग्दै पदपूर्ति गर्दा पछि कानूनी झण्झट आइलाग्ने सम्भावना देखिएकाले निजामति सेवा नियमावलीमा यो विषयलाई प्रष्ट गर्नु पर्ने।
- राजस्व समूह र विविध समूहलाई खारेज गरी कर्मचारीलाई सामान्य प्रशासन समूहमा लाने ।

## ३.२ नीति निर्माण, सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी सुझाव

### ३.२.१ कानून तथा नीति निर्माण

- प्रदेश सरकारले विश्वविद्यालय र निजी क्षेत्रको सहकार्यमा सार्वजनिक नीतिहरुलाई थप वैज्ञानिक, तथ्यमा आधारित र नागरिक केन्द्रित बनाउन अनुसन्धान, नवप्रवर्तन र परीक्षण गर्ने साझा थलोको रुपमा उच्च सार्वजनिक पदाधिकारी, विशेषज्ञ र सरोकारवालाहरुलाई एकै ठाउँमा ल्याएर नीतिगत जोखिम कम गर्ने र उत्तरदायी नीति निर्माण गर्न मद्दत पुर्याउने उद्देश्यले नीति प्रयोगशाला (Policy Lab) कार्यान्वयनमा ल्याउने। नीति प्रयोगशालाको व्यवस्थापन प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने उच्चस्तरीय नीति तथा योजना समितिले गर्ने। प्रदेशका कानूनहरू निर्माण गर्दा हरेक शीर्षकमा अलग अलग दर्जनौ कानूनहरू बनाउँदा कानूनहरू एक आपसमा बाझिने र प्रदेश सरकार नै कानूनी जटिलताको चक्रव्यूहमा फस्ने जोखिम भएकाले सालबसालीरूपमा निर्माण गर्नैपर्ने आर्थिक ऐन र विनोयोजन ऐन बाहेक अन्य कानूनलाई मिल्दोजुल्दो वर्गमा वर्गीकरण गरी एकीकृत कानून निर्माण गर्ने । यसले कानून बनाउने समय र खर्च बचत गरी कानूनको कार्यान्वयनमा समेत सहजता प्रदान गर्नेछ। साथै उपयुक्त क्षेत्रमा म्यादी कानून ( Sunset Law) को अभ्यास समेत गर्नु उचित हुने।
- प्रदेशको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेटले नीतिको समेत काम गर्ने भएकाले विभिन्न क्षेत्रका नीतिहरू थप्ने कार्यलाई निरुत्साहन गर्नु उचित हुने। हाल बनेका नीतिलाई यही आधारमा पुनरावलोकन गर्नु पर्ने। कार्यान्वयनमा नआएका नीतिहरू खारेज गर्नु उचित हुने। नीतिको विकल्पको रूपमा प्रदेश सरकारले प्रत्येक विषय विधामा संक्षिप्त श्वेतपत्र (White Paper) जारी गरी कार्यान्वयन गर्न उचित हुने ।
- प्रदेश सरकारका कानूनले प्रदेशलाई प्रशासनिक भार तथा दीर्घकालीन दायित्व थप्न सक्ने सम्भावनाको सम्बन्धमा विशेष चनाखो भई आर्थिक भार विश्लेषण समेत गरेर मात्र यस्ता कानूनहरू निर्माण गर्ने। कानून निर्माण गर्दा कानून निर्माण प्रक्रियाका जानकारका अतिरिक्त कानूनले संबोधन गर्न खोजेको विषयका विज्ञहरूलाई सँलग्न गराउने।

### ३.२.२ आयोजना व्यवस्थापन

- कार्यप्रकृतिको आधारमा मिल्दो कार्यलाई एउटै सङ्गठनमा समाहित गर्ने । यसै अनुसार हाल बिभिन्न निकायमा छरिएर रहेका भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यहरू सहरी तथा भवन निर्माण हेर्ने मन्त्रालयले गर्ने। यसको बजेट विनियोजन अन्य जुनसुकै मन्त्रालयमा भए पनि उक्त मन्त्रालयलाई अख्तियारी मार्फत् कार्यान्वयनको जिम्मेवारी दिने।
- नेपाल सरकारबाट मिति २०८० मंसिर ११ मा स्वीकृत आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० ले एकल अधिकारको विषयमा नेपाल सरकारबाट स्वीकृत अन्य मापदण्डले संघ वा प्रदेशबाट कार्यान्वयन गर्नु पर्ने गरी तोके बाहेकका पूर्वाधार आयोजनाको हकमा सङ्घबाट तीन करोड रूपैंया र प्रदेशबाट एक करोड रूपैयाभन्दा कम लगातका नया आयोजना कार्यान्वयन गरिने छैन भनी प्रष्ट व्यवस्था गरिएकोले सो अनुसारको व्यवस्था प्रदेशले कार्यान्वयन गर्ने । पूर्वाधारको हकमा रु एक करोड र अन्य आयोजनाको हकमा रू ५० लाख भन्दा कमका आयोजना सञ्चालन नगर्ने ।
- प्रदेश सरकारबाट स्वीकृत वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ ले व्यवस्था गरे अनुसार आयोजना तर्जुमाका आधार तथा क्षेत्रहरू, आयोजनाको वर्गीकरण, आयोजना परिचालन गर्ने निकाय र विधि तथा आयोजना तर्जुमा गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया पालन गर्नु पर्ने । सो कार्यविधिको कुनै व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने भएमा सो समेत गरी प्रदेशले आयोजना अनुशासन (Project Discipline) मा बस्नु पर्ने।
- रू २५ करोड वा सो भन्दा माथिका आयोजना सञ्चालन गर्दा छुट्टै आयोजना कार्यालय स्थापना र सञ्चालन गर्ने । आयोजना प्रमुखको नियुक्ति आयोजना अवधिभरका लागि गर्नु पर्नेछ। यसमा आयोजना प्रमुखसङ्ग नतिजामूलक सूचक सहित कार्यसम्पादन सम्झौता गर्ने। कम्तिमा आयोजना प्रमुख र लेखा प्रमुख प्रदेश निजामती सेवाबाट स्थायी कर्मचारी खटाउने। कार्यसम्पादन सम्झौता बमोजिम आयोजना प्रमुखले शत प्रतिशत नतिजा हासिल गरेमा निजलाई प्रोत्साहन भत्ताको व्यवस्था मिलाउने।
- आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने सम्पूर्ण पूर्व आवश्यकताहरू (Prerequisites) पूरा भएपछिमात्र आयोजनाको निर्माण कार्य अघि बढाउने। उदाहरणका लागि पूर्वाधार आयोजनाको निर्माण

हुने कार्यस्थल (Worksite) खाली गराएर तथा वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सो समेत सम्पन्न भएपछि मात्र आयोजना निर्माणको ठेक्का प्रक्रिया अघि बढाउने ।

- प्रदेशका विकास निर्माण कार्यका लागि जमिन अधिग्रहण गर्दा कानूनमा नै व्यवस्था गरी विकास आयोजना घोषणा गरेपछि सो समयको बजारमूल्यलाई आधार मानी मूल्य सिल (Price Seal) गर्ने व्यवस्था गर्ने।

### ३.२.३ प्रदेश तथा स्थानीय शासन कार्यक्रम

प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकासको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समग्र व्यवस्थापनमा प्रदेशमा यो कार्यक्रम सञ्चालन भएको छ। सुशासन, शासकीय प्रणाली, शासकीय सुधार जस्ता संवेदनशील क्षेत्रमा सरकारले आफ्नै स्रोतबाट लगानी गरी बाह्य स्रोतलाई आर्थिक विकास, उत्पादन, नवप्रवर्तन तथा रोजगारमूलक क्षेत्रमा परिचालन गर्नु उपयुक्त हुने देखिन्छ । तसर्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयसँगको सहकार्यमा देहायका कार्यक्रममा वैदेशिक लगानी परिचालन गर्न पहल गर्नु पर्ने देखिन्छः

(क) स्थानीय तथा प्रादेशिक आर्थिक विकास

(ख) शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, स्थानगत योजना, भवन संहिताको कार्यान्वयन, अग्नि नियन्त्रण, सहरी विकास, हरित सडक, ईन्जिनियरिङ्ग जस्ता प्राविधिक क्षेत्रमा क्षमता विकास

(ग) सूचना प्रविधि तथा कृत्रिम बौद्धिकताको प्रविधिको प्रयोग गरी प्रदेश तथा स्थानीय तहको सेवा प्रवाहमा सुधार

(घ) वैदेशिक सहायताबाट स्थानीय तहका लागि सञ्चालन गरिने कार्यक्रमहरू प्रदेशले खर्च नगरी यसका सबै रकमहरू सः शर्त अनुदानको रूपमा नतिजा सूचकमा आधारित कार्यसम्पादन प्रणालीला आवद्ध गरी स्थानीय तहलाई उपलब्ध गराउने ।

### ३.२.४ सार्वजनिक सेवा प्रवाह

सार्वजनिक सेवा प्रवाहलाई सहजरूपमा कम समयमा पारदर्शिता र कुशलतापूर्वक समावेशिता (Inclusivity) को अवधारणा अनुसार सूचना प्रविधिको प्रयोग गरी चुस्त दुरूस्त, छिटो र छरितो सेवा प्रवाह गर्न देहाय अनुसार गर्ने:

(क) सार्वजनिक सेवालाई सम्भव भएसम्म विद्युतीय एकद्वार प्रणाली (Single Window Interoperable Digital System) कार्यान्वयनमा ल्याउने । व्यवसाय दर्ता, कर चुक्ता, विभिन्न सेवा शुल्कको भुक्तानी आदिलाई यसै प्रणालीमा आवद्ध गर्न सकिने

(ख) पदाधिकारी तथा सेवाग्राहीले कानुनीरूपमा प्रयोग गर्ने सकिने गरी विद्युतीय हस्ताक्षर प्रणाली कार्यान्वयनमा ल्याउने

(ग) प्रदेश सरकारका विभिन्न निकायबाट उपलब्ध हुने तथ्याङ्क तथा सूचना एकैद्वारबाट प्रवाह गर्ने व्यवस्था मिलाउने । सो अनुसारको एकीकृत सूचना प्रणाली (Integrated Information System) कार्यान्वयनमा ल्याउने ।

(घ) सेवाग्राही स्वयं उपस्थित भई (Face-to-Face) सेवा लिन चाहनेका लागि सेवाग्राही मैत्री सेवा दिने अभिप्रायले एकै भवन वा परिसरबाट सेवा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्दै लैजाने। प्रदेशका जिल्लास्तरका कार्यालयहरू छरिएर रहेकाले एकै परिसरमा एकीकृत कार्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने ।

(ङ) प्रदेश सरकारले प्रदेश तथा स्थानीय तहबाट हुने सेवाको लागि प्रदेश तथा स्थानीय सेवा मापदण्ड (Provincial and Local Service Standards) कार्यान्वयनमा ल्याउने ।

### ३.२.५ स्वास्थ्य क्षेत्र

- प्रदेशमा रहेको आयुर्वेद औषधि उत्पादन केन्द्रले सिंहदरबार बैद्यखाना विकास समिति र जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडसँग उत्पादन, बिक्री वितरण र कच्चा पदार्थ खरिदमा कार्यगत समन्वय गर्नु पर्ने।

- प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालयले मातहतका स्वास्थ्य निकाय/अस्पताल र स्थानीय तह मातहतका स्वास्थ्य संस्था/अस्पतालबाट निः शुल्क वितरण गरिने औषधी नेपाल औषधि लिमिटेडसँग आपसी सम्झौता गरी सम्भव भएसम्म सो लिमिटेड कम्पनीबाट खरिद गरी औषधि वितरण गर्ने।
- सरकारी स्वास्थ्य संस्थाहरूमा बायोमेडिकल लगायत प्राविधिक जनशक्तिको अभावमा खरिद गरी प्रयोग विहीन अवस्थामा रहेका स्वास्थ्य उपकरणहरू अविलम्व प्रयोगमा ल्याउन अत्यावश्यक दरबन्दी यथाशिघ्र व्यवस्था गर्ने ।
- अस्पतालहरूमा कतिपय हाउसकिपिङ्ग कार्यहरूका लागि छुट्टै दरबन्दी सिर्जना नगरी यो काममा बाह्यसेवा उपयोग (Outsource) गर्ने।
- अस्पताल जस्ता स्वास्थ्य सेवा प्रदान गर्ने निकायका लागि दरबन्दीको व्यवस्था गर्दा नेपाल सरकारबाट स्वीकृत अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (Health Minimum Service Standards) लाई आधार मानेर दरबन्दी कायम गर्ने।
- संघीय सरकारसँगको समन्वय र स्थानीय तहसँगको सहकार्यमा प्रदेश मातहत जिल्लामा रहेका अस्पतालहरूलालाई स्टाफ नर्स, अ.हे.व., अ.न.मि. जस्ता पारामेडिकल जनशक्ति उत्पादनको केन्द्रको रूपमा समेत रुपान्तरण गरेर यसरी उत्पादित जनशक्तिलाई स्थानीय र प्रदेश मातहतका स्वास्थ्य संस्थामा परिचालन गर्ने व्यवस्था कार्यान्वयन गर्न उचित हुने।
- प्रादेशिक अस्पतालमा अत्याधुनिक स्वास्थ्य उपकरणहरू थपिंदै गएको सन्दर्भमा यस्ता उपकरणको नियमित संचालनका लागि बायोमेडकल प्राविधिकको आवश्यक पर्ने भएकाले स्वास्थ्य तालिम केन्द्रलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँगको सहकार्यमा बायोमेडिकल प्राविधिक उत्पादन केन्द्रको रूपमा समेत विकास गर्नु उचित हुने।
- प्रदेश मातहतका केही आयुर्वेद अस्पताललाई परीक्षणको रूपमा आयुर्वेदिक औषधि उत्पादन केन्द्रको रूपमा समेत विकास गर्ने।

- चिकित्सकहरू सेवा प्रवेशदेखि अवकाससम्म एकै प्रकृतिको कार्यमा सँलग्न हुनुपर्ने भएकाले चिकित्सकहरूको हकमा समयबद्ध बढुवा पद्धति अपनाउने । सो अनुरुप प्रदेश निजामती सेवा ऐन संशोधन गर्ने।

### ३.२.६ भूमि व्यवस्थापन

- साविकको उद्योग, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत तोकिएको सुरक्षित बसोबास तथा जग्गा एकीकरण सम्बन्धी कार्य प्रस्तावित सहरी विकास मन्त्रालयबाट गर्ने। संविधानको अनुसूची -६ मा रहेको भूमि व्यवस्था सम्बन्धी कार्यका लागि कृषि हेर्ने मन्त्रालयमा एक शाखा स्थापना गर्ने।
- भूमिविहीन परिवारको लागि स्वामित्व सहित जग्गा वितरण गर्ने प्रचलनका कारण सार्वजनिक जमिनको अतिक्रमण तीव्र भएको, सार्वजनिक उपयोगका लागि सार्वजनिक जमिन पाउनै कठिन भएको, नक्कली सुकुम्बासी बढेको र भूमिविहीनको समस्याको दिगो समाधान नभएकाले भूमिविहीनलाई जमिन उपलब्ध गराउँदा स्वामित्व सरकारमै रहने र बेचबिखन बा बन्धकी राख्न नपाउने गरी संघीय सरकारसँग सहकार्य गरी वास्तविक भूमिविहीनलाई कानूनमा नै व्यवस्था गरी जमिन लिजमा दिने नीति अवलम्वन गर्ने।

### ३.३ सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी नीतिगत सुझावहरू

#### ३.३.१ वित्तीय नियमहरूः

प्रदेश सरकारको प्रशासनिक खर्च र सालबसाली अनिवार्य दायित्वको आकार बढ्दै गएकाले वित्तीय अनुशासन कायम गरी वित्तीय प्रभावकारिता (Fiscal Effectiveness) वृद्धिका लागि कानूनद्वारा नै वित्तीय नियमहरू निर्माण गरी सो नियमको पालना गर्नु उचित हुनेछ। वित्तीय नियमका केही नमूना सूचक यहाँ समावेश गरिएको छः

*तालिका ४ प्रस्तावित वित्तीय योजना*

| क्षेत्र | वित्तीय नियमको सूचक | सुझाव |
|---|---|---|
| पूँजीगत बजेट | कुल बजेटमा पूँजीगत खर्चको न्यूनतम हिस्सा | कम्तिमा ७० प्रतिशत |
| आयोजनाको बजेट सीमा | एक आर्थिक वर्षमा रू ५० करोड भन्दा बढी लागतका योजनाको अनिवार्य सङ्ख्या | कम्तिमा ३ वटा योजना हुनु पर्ने |
| प्रशासनिक खर्च | राजस्व बाँडफाँट र आन्तरिक आयबाट प्राप्त रकमको योगमा प्रशासनिक खर्चको हिस्सा | अधिकतम १५ % |
| आन्तरिक ऋणको सीमा | प्रदेशले लिने वार्षिक आन्तरिक ऋणको सीमा | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरे अनुसार[1] |
| स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान | कुल बजेटमा स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरणको न्यूनतम हिस्सा | कम्तिमा २.५ प्रतिशत |
| आयोजनाको सीमा | प्रदेश आफैंले सञ्चालन गर्ने पूर्वाधार आयोजना न्यूनतम लागत सीमा | रू १ करोड |
| गैर पूर्वाधार आयोजनाको सीमा | प्रदेश आफैंले सञ्चालन गर्ने पूर्वाधार बाहेकका अन्य आयोजना न्यूनतम लागत सीमा | रू ५० लाख |

[1] चालु आ.व २०८२/८३ का लागि आयोगले १२ % को सीमा तोकेको

### ३.३.२ सार्वजनिक खर्च व्यवस्थापन

- गतः आर्थिक वर्षमा बागमती प्रदेश सरकारले स्थानीय तहलाई आफ्नो कुल बजेटको २.४६ % प्रतिशत वित्तीय समानीरण अनुदान गराएकोमा यो रकम न्यून देखिएको हुँदा यसलाई कम्तिमा २.५ प्रतिशत कायम गर्ने। वित्तीय समानीकरण अनुदानलाई कार्य सम्पादनमा आधारित बनाउन र यो रकम कम आय क्षमता भएका स्थानीय तहलाई प्राथमिकतामा राख्न प्रदेशको वित्तीय समानीकरण अनुदान सम्बन्धी ऐनलाई संशोधन गर्ने।
- प्रदेश सरकारको आन्तरिक आयको स्रोतहरू साँघुरो भएका कारण तत्काल यो स्रोतको व्यापक वृद्धि हुने अवस्था नभएकोले प्रदेशले सार्वजनिक लगानी (Public Investment) का लागि वित्तीय स्थान (Fiscal Space) को खोजी गर्दा आन्तरिक आयको विस्तार (Revenue Expansion) बाट मात्र सम्भव नदेखिएकाले प्रशासनिक खर्चको नियन्त्रण गरी खर्चको विवेकीकरण (Expenditure Rationalization) गर्नु उचित हुने देखिएको छ।
- प्रदेशहरू नयाँ संरचना भएकाले आम नागरिकबीच यी संरचनाप्रति विश्वास बढाउन प्रदेश सरकारले नागरिकले बोध गर्ने सक्ने गरी विकास र सेवा प्रवाहका कार्यक्रमहरूका लागि आफ्नो साधन स्रोत उपयोग गर्नु युक्तिसङ्गत हुनेछ । सेवा प्रवाह र विकाससँग नजोडिएका संरचनाको विस्तारले प्रदेशहरू संरचना पालेरै बजेट सक्ने यथास्थितिबादी संरचना (Steady Structure) बन्ने खतरा भएकाले प्रदेशले अत्यावश्यक संरचना मात्र राखी आफ्नो सीमित साधन र स्रोतलाई प्रदेशको आर्थिक-सामाजिक रूपान्तरणको क्षेत्रमा केन्द्रित गर्नु उचित हुनेछ।
- नेपालले कल्याणकारी राज्यको छाताभित्र रही उदार अर्थतन्त्र (Liberal Economy) र उदार लोकतन्त्र (Liberal Democracy) को शासकीय चरित्र ग्रहण गरेकाले प्रादेशिक विकास, समृद्धि र सामाजिक न्यायको यात्रामा राज्यको अलावा निजी क्षेत्र र समुदायको समेत उल्लेखनीय भूमिका रहेको छ। प्रदेश सरकारले हाल सम्पादन गरेका कतिपय खर्च जिम्मेवारी निजी क्षेत्र, सामुदायिक क्षेत्र र गैर सरकारी संस्थाबाट समेत सम्पादन गर्न सकिने देखिएकाले यस बारेमा वस्तुगतरूपमा अध्ययन गरी उक्त क्षेत्रहरूबाट कुशल (Efficient) र प्रभावकारी (Effective) रूपमा सम्पादन गर्न सकिने काममा प्रदेशले आफ्नो सँलग्नता

क्रमिकरूपमा घटाउँदै लगी आफूलाई नीति निर्माणकर्ता, नियमनकर्ता, अनुगमनकर्ता र सहजकर्ताको भूमिकामा केन्द्रित गर्ने गरी सो अनुरूप संगठन संरचना र दरबन्दी परिमार्जन गर्दै लानु उचित हुनेछ।

- प्रशासनिक खर्चलाई आन्तरिक आय र राजस्व बाँडफाँटको १५% सीमाबाट बढ्न नदिने प्रयोजनका लागि प्रशासनिक खर्चको गणना गर्दा पारिश्रमिक, पोशाक, भत्ता, सञ्चार इन्धन, सवारी साधन, सवारी साधनको मर्मत बिमा, मसलन्द, कार्यालय संचालन खर्च, दैनिक भ्रमण भत्ता खर्च, स्टेसनरी, करार सेवा शुल्क, कर्मचारी तालिम, अनुगमन खर्च, उपदान, घर भाडा, आदि शीर्षकको रकमलाई समावेश गर्ने।
- प्रदेशले आर्थिक प्रतिवेदन तयार, प्रगति समीक्षा र अनुगमन गर्दा वित्तीय तथा भौतिक प्रगतिको अलवा सूचकमा आधारित नतिजामूलक समीक्षा तथा अनुगमनलाई समेत समावेश गर्नु पर्ने ।
- सङ्घ र प्रदेशका तथा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीका कार्यजिम्मेवारीको कामको जिम्मा आउँदा लागत वा साधन र स्रोत समेत सँगै आउने हुँदा भविष्यमा आउन सक्ने कार्यजिम्मेवारीका लागि अहिले नै कार्यालयका संरचना खडा गरी त्यस्ता सेवा र विकासात्मक कार्यका लागि प्रदेश वित्तको परिचालन गर्न उपयुक्त नहुने।
- प्रदेशबाट सङ्कलन गर्ने राजस्वलाई एकीकृत गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत राजस्व व्यवस्थापन महाशाखा राख्ने। सम्बन्धित सरोकारवाला मन्त्रालय, स्थानीय तह, निजी क्षेत्रलाई समेटी प्रदेश राजस्व सुधार समिति निर्माण गर्ने
- प्रदेश सरकारले मन्त्रालयहरूलाई बजेट उपलब्ध गराउँदा चालू तर्फको सालबसाली नियमित खर्च देखि बाहेकका चालु बजेट र पूँजीगत बजेटको १० % प्रतिशत बजेटलाई कार्यसम्पादन सूचकमा आवद्ध गर्ने[२]। यी सूचकहरू निर्माण गर्दा अलग अलग विषयगत क्षेत्रका लागि अलग अलग सूचक निर्माण गरिनु पर्छ। यस प्रयोजनका लागि केही नमूना सूचक प्रस्तुत गरिएको छ।

---

२ कुनै मन्त्रालयले तोकेको सूचकमा उपलब्धि हासिल नगरेमा उक्त निकायको वार्षिक सिलिङ्गमा स्वतः १० प्रतिशत कटौती हुने र उपलब्धी हासिल भएमा १० % थप गरिने।

*तालिका ५: कार्य सम्पादनमा आधारित सूचक (नमूना)*

| क्षेत्र | सूचक |
|---|---|
| सिंचाई | गत आ.व. को तुलनामा बाह्रै महिना सिञ्चित हुने क्षेत्रको विस्तार (हेक्टरमा) भएको, सिंचाईको जलाशय सङ्ख्या बढेको |
| खानेपानी | गत आ.व. को तुलनामा बाह्रै महिना खानेपानी पाउने घरधुरिको वृद्धि (प्रतिशत) भएको खानीपानीको प्रयोजनका लागि जलाशयको सङ्ख्या बढेको |
| विद्युत | गत आ.व को तुलनामा विद्युतको थप उत्पादन र खपत भएको |
| सडक | गत आ.व. को तुलनामा बाह्रै महिना यातायात चल्ने पक्की सडकको लम्बाई (कि. मि) बढेको |
| उद्योग | गत आ.व. को तुलनामा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढेको, स्वदेशी उत्पादनमा आत्मनिर्भर औद्योगिक वस्तुको सङ्ख्या बढेको |
| श्रम | गत आ.व. को तुलनामा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकको पालना दर बढेको |
| कृषि | गत आ.व. को तुलनामा कुल कृषि उत्पादन परिमाण बढेको<br>कृषि उत्पादनमा आत्मनिर्भर हुने बस्तुहरूको प्रकार बढेको |
| शिक्षा | गत आ.व. को तुलनामा उच्च शिक्षामा विदेश जाने विद्यार्थी सङ्ख्या घटेको,<br>उच्च शिक्षामा गत आ.व.को तुलनामा प्राविधिक विषयमा उत्तीर्ण भई रोजगारी पाउने विद्यार्थी सङ्ख्या बढेको |
| सामान्य प्रशासन | गत आ.व. को तुलनामा सरूवा भएका कर्मचारीको सरूवा भएको स्थानमा टिकाउ महिना बढेको |

| | |
|---|---|
| खानी | गत आ.व. को तुलनामा खनिज पदार्थको उत्पादन बढेको |
| सहरी विकास | गत आ.व. को तुलनामा एकीकृत बस्ती वा एकीकृत आवास वा Land Pooling, House Pooling को परिमाणमा वृद्धि भएको |
| पर्यटन | गत आ.व. को तुलनामा आन्तरिक आयमा पर्यटकीय आम्दानीको हिस्सा बढेको, पर्यटक सङ्ख्या बढेको |
| भूमि सुधार | गत आ.व. को तुलनामा कृषियोग्य जमिनको चक्लाबन्दी बढेको |
| स्वास्थ्य | गत आ.व. को तुलनामा औसत आयु बढेको, स्वास्थ्य उपचारका लागि विदेशमा हुने खर्च घटेको |
| वन | गत आ.व. को तुलनामा वनले ढाकेको क्षेत्रको प्रतिशत बढेको, सहरी वनको प्रतिशत बढेको, संरक्षित जलाधार क्षेत्रको प्रतिशत बढेको |
| खेलकुद | गत आ.व. को तुलनामा राष्ट्रिय पदक जित्नेको सङ्ख्या बढेको, पदक जित्ने महिला खेलाडी सङ्ख्या बढेको; फुटवल ग्राउण्ड, रङ्गशाला , क्रिकेट मैदान, आदि बढेको |
| महिला तथा बाल बालिका | गत आ.व. को तुलनामा लैङ्गिक हिंसाको दर घटेको र नेपालको लैङ्गिक विकास सूचकाङ्कको स्तर बढेको |

### ३.३.३ आन्तरिक आय व्यवस्थापन

- ढुङ्गा गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी खानीजन्य एवं नदीजन्य निर्माण सामग्रीको बिक्री तथा निकासीबाट प्रदेश कानून बमोजिम स्थानीय तहले राजस्व परिचलान गर्दै आएका छन्।यी पदार्थको व्यवस्थापन उचित ढङ्गले नभएका कारण प्रदेश तथा स्थानीय तहले पूर्ण लाभ लिन सकेका छैनन। साथै नदी तथा खनिज उत्पादन क्षेत्रको प्राकृतिक सौन्दर्य तथा वातावरणमा नकारात्मक प्रभाव परेको छ।

उत्खनन तथा बिक्री वितरणमा गुण्डागर्दी समेत बढेको छ। अतः प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा यस सम्बन्धी एक अलग कम्पनीको स्थापना गरी सो मार्फत् यस्ता पदार्थको उत्खनन तथा घाटगद्दी गरी बिक्री वितरण गर्ने। यसबाट प्राप्त हुने राजस्व जुन पालिकाबाट जति सामग्री उत्खनन भएको हो सोही अनुपात (Derivation Basis) मा हालको व्यवस्था अनुसार प्रदेश तथा स्थानीय तहबीच राजस्व बाँडफाँट गर्ने। यी पदार्थको बिक्री सम्बन्धी कानून निर्माण गर्दा सबै प्रदेशहरूले एक आपसमा सहकार्य गरी आधारभूत मापदण्ड र दररेटमा एकरुपता ल्याउने।

- स्थानीय तहले उठाउने विज्ञापन कर र मनोरञ्जन कर प्रदेश सरकारको समेत आन्तरिक आयस्रोत भएकाले यी करको नक्साङ्कन, कराधारको विस्तार र यसको परिचालनमा स्थानीय तहको क्षमता विकासका लागि प्रदेश सरकारले लगानी गर्ने। जिल्ला समन्वय समिति मार्फत् यसको प्रगति अनुगमन गर्ने। घर जग्गा रजिष्ट्रेशनको लागि जमिनको मूल्याङ्कन दर कायम गर्दा जिल्ला समन्वय समितिसँगको सहकार्यमा सर्वेक्षण गरी यसलाई यथार्थ बजारमूल्य बमोजिम निर्धारण गर्न उचित हुने । यो व्यवस्थाबाट यस क्षेत्रको राजस्व चुहावट न्यूनीकरण हुन गई कराधार समेत बृद्धि हुन जानेछ।

# परिच्छेद- ४: प्रस्तावित संगठन संरचना तथा दरबन्दी सम्बन्धी सुझाव

## ४.१ मन्त्रालय र मातहतका निकायको संरचना

### ४.१.१ मन्त्रालयहरुको प्रस्तावित सङ्ख्या

संविधानमा उल्लिखित प्रदेशका अधिकार सूचीको प्रभावकारी र समन्वित रूपमा कामलाई नतिजामूलक बनाउन सेवा र कार्यको विषयक्षेत्रका आधारमा मन्त्रालयहरूको पुनर्संरचना गर्न उपयुक्त हुने भएकाले प्रदेश सरकारका लागि हालका १४ वटा मन्त्रालयलाई ८ वटा मन्त्रालयमा सीमित गर्ने।

*तालिका ६: प्रस्तावित मन्त्रालयको सङ्ख्या*

| प्रस्तावित मन्त्रालयको नाम | गाभिन आएको साविकको मन्त्रालय (पूर्ण/आंशिक) | प्रस्तावित मन्त्रालयको कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ▪ आन्तरिक मामिला तथा कानून मन्त्रालय (सञ्चार क्षेत्र बाहेक)<br>▪ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको प्रशासन खण्ड | ▪ साविकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट हुने गरेका कार्यहरू<br>▪ आन्तरिक मामिला<br>▪ कानून<br>▪ सामान्य प्रशासन<br>▪ संसदीय व्यवस्था तथा प्रदेश सभा मामिला<br>▪ प्रदेश नीति तथा योजना सम्बन्धी<br>▪ उच्चस्तरीय प्रदेश नीति तथा योजना समिति<br>▪ प्रदेश किताब खानाका कार्यहरू<br>▪ प्रदेश सरकारका अवशिष्ट कार्यहरू | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय प्रदेश नीति तथा योजना समितिको सचिवालय रहने |
| २. आर्थिक मामिला तथा योजना मन्त्रालय | | ▪ साविकको आर्थिक मामिला तथा योजना मन्त्रालयका कार्यहरू<br>▪ सार्वजनिक निजी साझेदारी | प्रदेश नीति तथा योजना आयोग खारेज गर्ने |
| ३. उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय | ▪ श्रम, रोजगार तथा यातायात मन्त्रालय<br>▪ संस्कृति तथा पर्यटन मन्त्रालय<br>▪ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन | ▪ उद्योग<br>▪ वाणिज्य<br>▪ आपूर्ति<br>▪ श्रम तथा रोजगार<br>▪ यातायात<br>▪ संस्कृति | |

| प्रस्तावित मन्त्रालयको नाम | गाभिन आएको साविकको मन्त्रालय (पूर्ण/आंशिक) | प्रस्तावित मन्त्रालयको कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| | मन्त्रालयको उद्योग र वाणिज्य खण्ड<br>▪ आन्तरिक मामिला तथा कानून मन्त्रालयको सञ्चारसम्बन्धी कार्यहरू | ▪ पर्यटन<br>▪ सञ्चार | |
| ४. कृषि, पशुपञ्छी, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ▪ कृषि तथा पशुपञ्छी विकास मन्त्रालय<br>▪ सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>▪ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको भूमि सम्बन्धी खण्ड | ▪ साविकको कृषि तथा पशुपञ्छी विकास मन्त्रालयबाट हुने गरेका कार्यहरू<br>▪ साविकको सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट हुने गरेका कार्यहरू<br>▪ भूमि व्यवस्थापन | |
| ५. भौतिक पूर्वाधार विकास मन्त्रालय | | ▪ भौतिक पूर्वाधार विकास मन्त्रालयको सहरी विकास तथा भवन निर्माण खण्ड बाहेकका सम्पूर्ण कार्यहरू | |
| ६. वन तथा वातावरण मन्त्रालय | | ▪ वन तथा वातावरण मन्त्रालयका कार्यहरू | |

| प्रस्तावित मन्त्रालयको नाम | गाभिन आएको साविकको मन्त्रालय (पूर्ण/आंशिक) | प्रस्तावित मन्त्रालयको कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| ७. सहरी तथा स्थानीय विकास मन्त्रालय | ▪ खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय<br>▪ भौतिक पूर्वाधार विकास मन्त्रालयको सहरी विकास तथा भवन निर्माण सम्बन्धी कार्यहरू | ▪ खानेपानी<br>▪ ढल निकास<br>▪ उर्जा<br>▪ सिंचाई<br>▪ सहरी विकास<br>▪ प्रदेश सरकारको भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यहरू<br>▪ स्थानीय विकासका पूर्वाधार सम्बन्धी<br>▪ सुरक्षित बसोबास तथा बस्ती विकास | |
| ८. स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय | ▪ स्वास्थ्य मन्त्रालय<br>▪ सामाजिक विकास मन्त्रालय<br>▪ युवा तथा खेलकूद मन्त्रालय | ▪ साविकमा सामाजिक विकास मन्त्रालयबाट हुने गरेका कार्यहरू<br>▪ साविकमा युवा तथा खेलकूद मन्त्रालयबाट हुने गरेका कार्यहरू<br>▪ साविकमा स्वास्थ्य मन्त्रालयबाट हुने गरेका कार्यहरू | |

उपर्युक्त अनुसार प्रस्तावित आठवटा मन्त्रालयहरुको कार्यविभाजन नियमावलीको मस्यौदा **अनुसूची-४** मा दिईएको छ।

### ४.१.२ प्रस्तावित कुल दरबन्दी सङ्ख्या

मन्त्रालय, मातहतका नियमित  निकाय तथा अन्य सम्बद्ध निकायको विद्यमान संगठनको पुनरावलोकन पश्चात् प्रदेश सरकारको हालको कुल दरबन्दी सङ्ख्या ५१३८ मा  ७०१ दरबन्दी घट्न गई प्रस्तावित दरबन्दी सङ्ख्या  ४४३७ कायम हुने देखिएको छ । यस अनुसार कुल दरबन्दीमा १३.६४ प्रतिशतले कटौती हुन गएको छ।

### ४.१.२ मन्त्रालयहरूको प्रस्तावित संगठन संरचना र दरबन्दी

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**<u>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सङ्गठन संरचना</u>**



## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा | समूह/उपसमूह | श्रेणी/तह | मौजुदा | थप | घट | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख सचिव | प्रशासन | सेवा / समूह नहुने | रा.प विशिष्ट | १ | | | १ |
| २ | प्रदेश सचिव | न्याय | कानून | रा. प. प्रथम | १ | | | १ |
| ३ | प्रदेश सचिव | प्रशासन | समूह नहुने | रा.प. प्रथम | २ | | | २ |
| ४ | अधिकृत | प्रशासन | सामान्य प्रशासन | नवौं/दशौं | ४ | १ | | ५ |
| ५ | उपसचिव कानून | न्याय | कानून | रा.प.द्वितीय | १ | १ | | २ |
| ६ | अधिकृत | प्रशासन | लेखा | नवौं/दशौं | १ | | | १ |
| ७ | अधिकृत | प्रशासन | सामान्य प्रशासन | सातौं/आठौं | ८ | ३ | | ११ |
| ८ | कानून अधिकृत | न्याय | कानून | सातौं/आठौं | १ | १ | | २ |
| ९ | लेखा अधिकृत | प्रशासन | लेखा | सातौं/आठौं | १ | | | १ |
| ११ | कम्प्युटर ईन्जिनियर | ईन्जिनियरिङ्ग | कम्प्युटर | सातौं/आठौं | १ | | | १ |
| १२ | सहायक/अधिकृत (प्रशासन) | प्रशासन | सामान्य प्रशासन | पाँचौं/छैठौं | ११ | ३ | | १४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | कम्प्युटर अपरेटर/कम्प्युटर अधिकृत | प्रशासन | विविध | पाँचौं/छैठौं | ४ | १ | | ५ |
| १४ | लेखापाल | प्रशासन | लेखा | पाँचौं/छैठौं | १ | | | १ |
| १७ | सहायक कम्प्युटर अपरेटर | प्रशासन | विविध | चौथो/पाँचौं | १ | | | १ |
| १८ | हलुका सवारी चालक | ईन्जिनियरिङ्ग | मेकानिकल | तहविहीन | ६ | | | ६ |
| १९ | कार्यालय सहयोगी | प्रशासन | | तहविहीन | ८ | | | ८ |
| **जम्मा** | | | | | ५२ | १० | ० | ६२ |

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका निकायसम्बन्धी व्यवस्था**

**प्रदेश किताबखानाः**

दरबन्दी र संरचनाः हालको संरचना र दरबन्दी यथावत रहने

**प्रदेश सुशासन केन्द्र**

प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने तालिम प्रदायक संस्थाको रूपमा प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ बमोजिम प्रदेश सुशासन केन्द्रको स्थापना भएको। केन्द्रले संचालन गर्ने कार्यक्रमका लागि केन्द्रको भूमिका मूलतः समन्वय कार्यमा मात्र सीमित रहेको देखियो। प्रशिक्षणका लागि पूर्णरूपमा बाह्य विज्ञ (External Expert) मा निर्भर रहने गरेको । यसरी छुट्टै निकाय स्थापना गरी प्रशिक्षण कार्य सञ्चालन गराउनु भन्दा प्रशिक्षण कार्यमा केन्द्रित संस्था (Dedicated Institutions) मार्फत् आवश्यक कार्यक्रम सञ्चालन गराउँदा कार्यक्रमको गुणस्तर बढ्नुको साथै लागत प्रभाव (Cost Effective) पनि हुन सक्छ। उपराष्ट्रिय स्तर (Sub-national Level) का सरकारी निकायका लागि प्रशिक्षण, अनुसन्धान तथा परामर्श

गर्ने उद्देश्यले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान कार्यरत रहेको हुँदा यस केन्द्रबाट सञ्चालन गरिने सबै किसिमका प्रशिक्षण कार्यक्रमलाई करारमा (Contract Out) गरिनु बढी फलदायी हुने देखिएकोले देहायको व्यवस्था मिलाई विद्यमान प्रदेश सुशासन केन्द्रलाई खारेज गर्नेः

(क) प्रदेश सरकारले वार्षिक प्रशिक्षण कार्यक्रमको आवश्यकता, विषय, प्रकार र सङ्ख्या सहितको प्रस्ताव (Proposal) तयार गर्ने;

(ख) यसरी खण्ड (क) बमोजिम प्रस्ताव तयार गर्दा स्पष्टरूपमा प्रत्येक कार्यक्रमको उद्देश्य, विषयबस्तु (Content) र अपेक्षित उपलब्धि (Expected Output) तोक्नु पर्ने;

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावको आधारमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँग प्रत्येक प्रशिक्षण कार्यक्रमका लागि छुट्टा छुट्टै शुल्क सहित कार्यक्रम सञ्चालनका लागि करार सम्झौता गर्ने,

(घ) खण्ड (ग) बमोजिमको सम्झौता गरी सो अनुसार सञ्चालन गरिएका प्रशिक्षण कार्यक्रमको पश्चवर्ती मूल्याङ्कन (Post Evaluation) प्रदेश सरकारले तेस्रो पक्षबाट गराउने। प्राप्त मूल्याङ्कन प्रतिवेदनलाई प्रदेश सरकार र प्रतिष्ठानबीच संयुक्त छलफलमा ल्याई भविष्यमा संचालन हुने कार्यक्रमका लागि पृष्ठपोषण (Feedback) का रूपमा लिने

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यको विकल्पको रूपमा अन्य प्रदेशसँग समेत सहकार्य गरी प्राविधिक विषयलाई समेत समेटी अनुसन्धान तथा विकास (Research and Development) को कार्यसहित संयुक्त आवासीय प्रशिक्षण संस्था खडा गरी त्यसलाई व्यावसायिक तवरले स्वःआर्जन समेत गर्ने गरी सञ्चालन गर्न सकिने। एकभन्दा बढी प्रदेशहरूको संयुक्त प्रयासबाट यसरी खडा गरिने त्यस्तो Dedicated प्रतिष्ठानलाई प्रशिक्षण, अनुसन्धान, परामर्श जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने तर्फ परिचालन गर्न सकिने। उपर्युक्त व्यवस्था मिलाई विद्यामान प्रदेश सुशासन केन्द्रलाई खारेज गर्ने।

**उच्च स्तरीय प्रदेश नीति तथा योजना आयोग**

प्रदेशको आर्थिक-सामाजिक तथा शासकीय रूपान्तरणका लागि प्रदेशको नीति तथा योजना तर्जुमा गरी यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कनका गर्ने कार्यमा प्रदेश सरकारलाई सघाउ पुऱ्याउन देहायको

एक उच्चस्तरीय प्रदेश नीति तथा योजना समिति गठन गर्ने । हाल रहेको प्रदेश नीति तथा योजना आयोगको संरचना खारेज गर्ने।

*तालिका ७: प्रदेश नीति तथा योजना उच्चस्तरीय समितिको संरचना*

| | |
|---|---|
| मुख्यमन्त्री | संयोजक |
| मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| प्रमुख सचिव | सदस्य |
| प्रदेश सरकारबाट नियुक्त कम्तिमा एक महिला सहित दुई जना विज्ञ | सदस्य |
| सचिव, योजना हेर्ने, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

उच्चस्तरीय प्रदेश नीति तथा योजना समितिका विज्ञ सदस्यहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रही काम गर्ने छन् । समितिले आवश्यकता ठानेमा आफ्नो बैठकमा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको योजना हेर्ने महाशाखाले समितिको सचिवालयको काम गर्ने। उच्चस्तरीय प्रदेश नीति तथा योजना समितिको मुख्य मुख्य कार्यक्षेत्र देहाय बमोजिम हुने :

(क) प्रदेशको परियोजना बैंक स्थापना गर्ने र परियोजना बैंकमा समावेश भएका परियोजना मात्र वार्षिक विकास कार्यक्रममा समावेश गर्ने

(ख) विकास आयोजनाको कार्यान्वयन अनुगमन (Implementation Monitoring ) र मूल्याङ्कन गर्ने, गराउने

(ग) विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनको प्रतिफलको आवधिक प्रगति समीक्षा गर्ने

(घ) प्रादेशिक सेवा मापदण्ड सहित प्रदेशको आवधिक विकास योजना तर्जुमा गर्ने गराउने

(ङ) प्रादेशिक नीतीहरुको विश्लेषण तथा समीक्षा गर्ने, गराउने

(च) प्रदेशका शासकीय तथा विकास  मुद्दाहरूमा लागि अनुसन्धान तथा विकास गर्ने, गराउने

(छ) आर्थिक, सामाजिक विकासको समग्र पक्षको बारेमा तथ्याङ्क सङ्कलन तथा प्रशोधन, अध्ययन अनुसन्धान गरी वा गराई सम्प्रेषण गर्ने

(ज) आर्थिक विकासका लागि आवश्यक स्रोत साधनको आँकलन र परिचालन गर्ने

(झ) प्रदेशको सम्वृद्धि र सन्तुलित विकासका लागि अवलम्वन गर्नु पर्ने नीतिको सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने

(ञ) प्रदेशको शासकीय व्यवस्था, लगानी र उद्योग व्यवसायमैत्री वातावरण र गरिबी न्यूनीकरणका लागि प्रदेश सरकारलाई सुझाव दिने

(ट) वार्षिक विकास कार्यक्रमको लक्ष्य, प्राथमिकता र वार्षिक बजेट सीमा निर्धारण गर्ने

(ठ) परियोजना बैंकमा समावेश गर्नु अघि  विभिन्न निकायबाट प्राप्त हुने विकास आयोजनाको प्रस्तावको मूल्याङ्कन गरी अन्तिम रूपम दिने ।

(ड) स्थानीय तहका योजना प्रकृयालाई संस्थागतीकरण र सुदृढ गर्न सहजीकरण गर्ने ।

(ढ) सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनका लागि प्रदेश सरकारलाई सघाउने।

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालय

## आर्थिक मामिला तथा योजना मन्त्रालयको संगठन संरचना



## आर्थिक मामिला तथा योजना मन्त्रालयको दरबन्दी तेरिज

| क्र सं | पदनाम श्रेणी तह | तह | सेवा (समूह) | मौजुदा | थप | घट | प्रस्तावित |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम | प्रशासन | १ | | | १ |
| २ | अधिकृत | नवौं/दशौं | प्रशासन (सा.प्र.) | २ | | | २ |
| ३ | अधिकृत | नवौं/दशौं | प्रशासन (राजस्व) | २ | | १ | १ |
| ४ | अधिकृत | सातौं/आठौं | प्रशासन (सा प्र) | ६ | | | ६ |
| ५ | अधिकृत | सातौं/आठौं | प्रशासन (राजस्व) | ६ | | २ | ४ |
| ६ | लेखा अधिकृत | सातौं/आठौं | प्रशासन (लेखा) | १ | | | १ |
| ७ | कानून अधिकृत | रा.प. तृतीय | न्याय (कानून) | १ | | | १ |
| ८ | अर्थशास्त्री | सातौं/आठौं | प्रशासन (विविध) | १ | | १ | ० |
| ९ | तथ्याङ्कशास्त्री | सातौं/आठौं | प्रशासन (विविध) | १ | | | १ |
| १० | कम्प्युटर इन्जिनियर | सातौं/आठौं | इन्जिनियरिङ्ग | १ | | | १ |
| ११ | कम्प्युटर अधिकृत (कम्प्युटर) | सातौं/आठौं | विविध (कम्प्युटर) | १ | | | १ |
| १२ | सहायक/अधिकृत (प्रशासन) | पाँचौं/छैठौं | प्रशासन (सा.प्र.) | ५ | | | ५ |
| १३ | लेखापाल | पाँचौं/छैठौं | प्रशासन (लेखा) | १ | | | १ |
| १४ | सहायक/अधिकृत (राजस्व) | पाँचौं/छैठौं | प्रशासन (राजस्व) | ६ | | २ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | कम्प्युटर अपरेटर/अधिकृत | पाँचौं/छैठौं | प्रशासन (विविध) | २ | | | २ |
| १६ | ह.स.चा. | तह विहीन | इन्जि.(मे.) | ५ | | | ५ |
| १७ | कार्यालय सहयोगी | तह विहीन | प्रशासन (सा.प्र.) | ६ | | | ६ |
| जम्मा | | | | ४८ | ० | ६ | ४२ |

आर्थिक मामिला तथा योजना मन्त्रालय मातहतका निकाय सम्बन्धी व्यवस्था

प्रदेश लेखा नियन्त्रकको कार्यालयक दरबन्दी र संरचना

प्रदेश लेखा नियन्त्रकको कार्यालयमा चार्टर्ड एकाउन्टेन्टको एक  दरबन्दी थप गरी बाँकी संरचना र दरबन्दी यथावत राख्ने

## प्रदेश लेखा नियन्त्रकको कार्यालयको दरबन्दी तेरिज

| सि. नं. | पद | तह | सेवा/समूह/ उपसमूह | दरवन्दी विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | मौजुदा | थप | घट | प्रस्तावित |
| १ | प्रदेश लेखा नियन्त्रक | अधिकृतस्तर नवौं/दशौं | प्रशासन/लेखा | १ | | | १ |
| २ | चार्टर्ड एकाउन्टेन्ट | अधिकृतस्तर सातौं/आठौं | प्रशासन/लेखा | | १ | | १ |
| ३ | लेखा अधिकृत | अधिकृतस्तर सातौं/आठौं | प्रशासन/लेखा | ४ | | | ४ |
| ४ | लेखापाल | सहायकस्तर पांचौं/अधिकृत स्तर छैठौं | प्रशासन/लेखा | ६ | | | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | कम्प्युटर अपरेटर | सहायकस्तर पांचौ/अधिकृत स्तर छैठौं | विविध | १ | | | १ |
| ६ | सह-लेखापाल | सहायकस्तर चौंथो/पाँचौ | प्रशासन/लेखा | २ | | | २ |
| ७ | हलुका सवारी चालक | तहविहिन | इन्जि./मे.का./ नि.उ.स. | २ | | | २ |
| ८ | कार्यालय सहयोगी | तहविहिन | प्रशासन/सामान्य प्रशासन | ४ | | | ४ |
| जम्मा दरवन्दी | | | | २० | १ | ० | २१ |

**प्रदेश लेखा एकाई कार्यालय**

जिल्लामा रहेका प्रदेश लेखा एकाई कार्यालयले गरिआएका कामहरू सङ्घीय सरकारको जिल्लास्तरमा रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पादन गर्न सकिने हुँदा महालेखा नियन्त्रकको कार्यालयसँग अपरेसनल मोडालिटीको आपसी समझदारी (MoU) गरी प्रदेशको जिल्लास्तरमा रहेका सबै (५ वटा) लेखा एकाई कार्यालय खारेज गर्ने । अब उप्रान्त जिल्लास्तरमा लेखा एकाई कार्यालय नखोल्ने।

प्रदेश निकायहरूका आन्तरिक लेखा परीक्षणलाई Faceless, Contactless and Paperless प्रणालीबाट गर्नको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा छुट्टै डेडिकेटेट जनशक्ति सहितको शाखा राख्ने।

**प्रदेश नीति तथा योजना आयोग**

प्रदेश नीति तथा योजना आयोग खारेज गर्ने। यसको वैकल्पिक व्यवस्थाको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समावेश गरिएको छ।

**मातहतमा रहने कार्यालय:** प्रदेश लेखा नियन्त्रकको कार्यालय

(ग) उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय

उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालयको संगठन संरचना

उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालय



# उद्योग, संस्कृति, पर्यटन तथा यातायात मन्त्रालयको दरबन्दी तेरिज

| क.सं. | पद नाम | सेवा/समूह/उप-समूह | श्रेणी/तह | मौजुदा दरबन्दी | थप | घट | प्रस्तावित |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | रा.प.प्रथम | १ | | | १ |
| २ | अधिकृत | प्रशासन/सामान्य प्रशासन | नवौं/दशौं | २ | २ | | ४ |
| ३ | सिनियर डिभिजनल इन्जिनियर | इन्जि./मेकानिकल/जनरल मेकानिकल | नवौं/दशौं | १ | | | १ |
| ४ | मेकानिकल इन्जिनियर | इन्जि./मेकानिकल/ज.मे. | सातौं/आठौं | १ | १ | | २ |
| ५ | कम्प्युटर इन्जिनियर | इन्जि./ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन | सातौं/आठौं | १ | | | १ |
| ६ | कम्प्युटर प्रोगामर | इन्जि/प्रोग्रामर | सातौं/आठौं | १ | | | १ |
| ७ | अधिकृत | प्रशासन/सामान्य प्रशासन | सातौं/आठौं | ४ | ६ | | १० |
| ८ | लेखा अधिकृत | प्रशासन/लेखा | सातौं/आठौं | १ | | | १ |
| ९ | कानून अधिकृत | न्याय/कानून | रा.प.तृतीय | १ | | | १ |
| १० | खाद्य अधिकृत | कृषि/खा.पो.गु.नि. | सातौं/आठौं | | १ | | १ |
| ११ | केमिकल इन्जिनियर | इन्जि/केमिकल | सातौं/आठौं | | १ | | १ |
| १२ | तथ्याङ्क अधिकृत | प्र./विविध | सातौं/आठौं | | १ | | १ |
| १३ | अधिकृत | वन/जनरल फरेष्ट्री | सातौं/आठौं | | २ | | २ |
| १४ | इन्जिनियर | प्रा/सिभिल | सातौं/आठौं | | १ | | १ |
| १५ | इन्जिनियर | इन्जि/इले/टेली | सातौं/आठौं | | १ | | १ |
| १६ | खानी अधिकृत | इन्जि/ माइनिङ | सातौं/आठौं | | १ | | १ |
| १७ | भू-गर्भ विद | प्राविधिक | सातौं/आठौं | | १ | | १ |

| क.सं. | पद नाम | सेवा/समूह/उप-समूह | श्रेणी/तह | मौजुदा दरबन्दी | थप | घट | प्रस्तावित |
|---|---|---|---|---|---|---|---|
| १८ | सहायक/अधिकृत (प्रशासन) | प्रशासन/सामान्य प्रशासन | पाचौं/छैठौं | ६ | ७ | | १३ |
| १९ | स.क.अ./कम्प्युटर अपरेटर | विविध | चौथो/पाचौं | ३ | ३ | | ६ |
| २० | सवइन्जिनियर | इन्जिनियरिङ/माइनिङ | पाचौं/छैठौं | | १ | | १ |
| २१ | मेकानिकल सुपरभाइजर | इन्जि./मेकानिकल/जनरल मेकानिकल | पाचौं/छैठौं | १ | | | १ |
| २२ | सह-लेखापाल | प्रशासन/लेखा | चौथो/पाचौं | १ | | | १ |
| २३ | हलुका सवारी चालक | | श्रेणीविहीन | ४ | ३ | | ७ |
| २४ | कार्यालय सहयोगी | | श्रेणीविहीन | ५ | २ | | ७ |
| | **कूल जम्मा** | | | **३३** | **३४** | **०** | **६७** |

## उद्योग, वाणिज्य, पर्यटन तथा उपभोक्ता हित संरक्षण कार्यालय काठमाडौंको दरबन्दी तेरीज

| क.सं. | पद | सेवा/समुह | तह | मौजुदा | थप | घट | प्रस्तावित |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख उद्योग अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | १ | | | १ |
| २ | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ४ | | | ४ |
| ३ | लेखा अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर सातौं/आठौं | १ | | | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्रशिक्षण अधिकृत(प्रा.) | विविध | अधिकृतस्तर सातौं/आठौं | १ | | १ | ० |
| ५ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | ५ | | | ५ |
| ६ | प्रमुख शिक्षक | विविध | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | २ | | २ | ० |
| ७ | लेखापाल | प्रशासन/लेखा | सहायक चौथो/पाँचौ | १ | | | १ |
| ८ | टाइपिष्ट | प्रशासन | सहायक चौथो/पाँचौ | ० | | | ० |
| ९ | कम्प्युटर अपरेटर | प्रशासन/विविध | सहायक चौथो/पाँचौ | ३ | | | ३ |
| १० | तथ्याङ्क सहायक | प्रशासन/विविध | सहायक चौथो/पाँचौ | १ | | | १ |
| ११ | हलुका सवारी चालक | इन्जिनयरिङ/मेकानिकल | तहविहीन | १ | | | १ |
| १२ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | तहविहीन | ४ | | | ४ |
| | **जम्मा** | | | २४ | ० | ३ | २१ |

<u>उद्योग, वाणिज्य, पर्यटन तथा उपभोक्ता हित संरक्षण कार्यालय ललितपुरको</u>

<u>दरबन्दी तेरीज</u>

| क्रस | पद | सेवा/समूह | तह | मौजुदा | थप | घट | प्रस्तावित |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख उद्योग अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | १ | | | १ |
| २ | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ३ | | | ३ |
| ३ | लेखा अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर सातौं/आठौं | १ | | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रशिक्षण अधिकृत(प्रा.) | विविध | अधिकृतस्तर सातौं/आठौं | १ | | १ | ० | |
| ५ | आर्टिष्ट इन्ग्रेभिङ अफिसर | विविध | अधिकृतस्तर सातौं/आठौं | ० | | | ० | |
| ६ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौ/अधिकृतस्तर छैठौ | ३ | | | ३ | |
| ७ | प्रमुख शिक्षक | विविध | सहायक पाँचौ/अधिकृतस्तर छैठौ | १ | | १ | ० | |
| ८ | कम्प्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौ | ३ | | | ३ | |
| ९ | टाइपिष्ट | प्र/सा.प्र. | सहायक चौथो/पाँचौ | ० | | | ० | |
| १० | हलुका सवारी चालक | इन्जिनयरिङ/मेकानिकल | तहविहीन | १ | | | १ | |
| ११ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | तहविहीन | ४ | | | ४ | |
| १२ | तथ्याङ्क सहायक | विविध | सहायक चौथो/पाँचौं | १ | | | १ | |
| | | **जम्मा** | | **१९** | **०** | **२** | **१७** | |

**उद्योग, वाणिज्य, पर्यटन तथा उपभोक्ता हित संरक्षण कार्यालय काभ्रेपलाञ्चोक**

दरबन्दी तेरीज

| क्रस | पद | सेवा/समूह | तह | **मौजुदा** | **थप** | **घट** | **प्रस्तावित** | |
|---|---|---|---|---|---|---|---|---|
| १ | उद्योग अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | १ | | | १ | |
| २ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौ/अधिकृतस्तर छैठौ | ३ | | | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | लेखापाल/अधिकृत | प्रशासन/लेखा | सहायक पाँचौ/अधिकृतस्तर छैठौ | १ | | | १ |
| ४ | लेखापाल | प्रशासन/लेखा | सहायक चौथो/पाँचौं | ० | | | ० |
| ५ | सहायक | प्रशासन/सा.प्र. | सहायक चौथो/पाँचौं | ० | | | ० |
| ६ | कम्प्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौं | १ | | | १ |
| ७ | हलुका सवारी चालक | इन्जिनयरिङ/मेकानिकल | तहविहीन | १ | | | १ |
| ८ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | तहविहीन | ३ | | | ३ |
| **जम्मा** | | | | १० | ० | ० | १० |

उद्योग, वाणिज्य, पर्यटन तथा उपभोक्ता हित संरक्षण कार्यालय भक्तपुरको दरबन्दी तेरीज

| क्रस | पद | सेवा/समूह | तह | मौजुदा | थप | घट | प्रस्तावित |
|---|---|---|---|---|---|---|---|
| १ | उद्योग अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | १ | | | १ |
| २ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौ/अधिकृतस्तर छैठौ | २ | | | २ |
| ३ | लेखापाल/अधिकृत | प्रशासन/लेखा | सहायक पाँचौ/अधिकृतस्तर छैठौ | १ | | | १ |
| ४ | लेखापाल | प्रशासन/लेखा | सहायक चौथो/पाँचौं | ० | | | ० |
| ५ | कम्प्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौं | १ | | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | हलुका सवारी चालक | इन्जिनयरिङ/मेकानिकल | तहविहीन | १ | | | १ | |
| ७ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | तहविहीन | ३ | | | ३ | |
| | | जम्मा | | ९ | ० | ० | ९ | |
| | | | | | | | | |
| | | | | | | | | |
